ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

Hetauda Sandesh Daily

२५औं वर्ष

वर्षः२५ ॥ अंकः ३५१ ॥ बिहीबार २८ जेठ २०८३ ॥ एकादशी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Thursday 11 June 2026 ॥ पृष्ठः ४ ॥ मूल्यः रु.३/-


## प्रशासनमा पत्रकारहरुको धर्ना

सन्देश संवाददाता

हेटौंडा/प्रेस स्वतन्त्रता तथा नागरिकको सूचना पाउने अधिकार संरक्षणको माग गर्दै पत्रकारहरुले बुधबार जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन् ।

सूचना तथा विज्ञापन वितरणमा विभेदपूर्ण नीति अपनाइएको आरोप लगाउँदै पत्रकारहरुले सञ्चार क्षेत्रमाथि बढ्दो दबाब र हस्तक्षेपप्रति असन्तुष्टि व्यक्त गरेका हुन् । धर्नामा सहभागीहरुले प्रेसको संवैधानिक अधिकारमाथि कुनै पनि प्रकारको अंकुश स्वीकार्य नहुने स्पष्ट पारे । पत्रकारहरुले सूचनाप्रवाहमा अवरोध पुऱ्याउने निर्णय तथा व्यवस्थाहरु तत्काल सच्याउन सरकारसँग माग गरेका छन् । उनीहरुले आमनागरिकको सूचनामा पहुँच सुनिश्चित गर्न राज्य जिम्मेवार बन्नुपर्ने धारणा राख्दै सूचना अधिकारको पूर्णकार्यान्वयनमा जोड दिएका छन् ।

सञ्चारक्षेत्रसँग सम्बन्धित समस्या, चुनौती र सुधारका विषयमा अध्ययन तथा सुझाव दिन सर्वपक्षीय कार्यदल गठन गर्नुपर्ने माग पनि उनीहरुले अघि सारेका छन् । सञ्चारक्षेत्रलाई थप जिम्मेवार, स्वतन्त्र र व्यवस्थित बनाउन आवश्यक कानुनी तथा नीतिगत् सुधार समयमै अघि बढाउनुपर्छ । धर्नामार्फत् लोकतान्त्रिक मूल्य मान्यता, प्रेस स्वतन्त्रता र नागरिक अधिकारको सम्मान गर्न सकिनेछ ।

*एक अर्ब बढी लगानी*

# तर, प्रदेशमातहत आएन प्रहरी

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा प्रदेशस्तरीय अपराध अनुसन्धान गोष्ठी भएको छ । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग र प्रदेश प्रहरी कार्यालय हेटौंडाको संयुक्त आयोजनामा कार्यक्रम भएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रहरी प्रदेशमातहत नआउँदा कार्यसम्पादनमा समस्या भइरहेको बताए । उनले संविधानले प्रहरी प्रशासनलाई प्रदेशमातहत ल्याउने व्यवस्था गरेता पनि त्यसको पूर्ण कार्यान्वयन हुन नसक्दा प्रदेश सरकारलाई काम गर्न कठिनाइ भइरहेको बताए ।



बुधबार हेटौंडामा आयोजित बागमती प्रदेशस्तरीय अपराध अनुसन्धान गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले सुरक्षा र न्यायको क्षेत्रमा प्रदेश सरकारले आफ्नो दायित्व पूरा गर्न तयार रहेको बताए । 'संविधानले प्रहरी प्रशासनलाई प्रदेशमातहत ल्याउने व्यवस्था गरे पनि त्यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन । कतिपय अवस्थामा हामीले चाहेर पनि प्रहरीका समस्यालाई सम्बोधन गर्न सकेका छैनौं,' उनले भने–हामीसँग बजेट हुँदाहुँदै पनि केन्द्रको अर्थ मन्त्रालय र गृह मन्त्रालयको प्रक्रिया पूरा गर्न महिनौं कुर्नुपर्ने अवस्था छ । यसले प्रहरीको सेवाप्रवाह र सुरक्षा व्यवस्थापनमा असर पुऱ्याएको छ ।

मुख्यमन्त्री बानियाँले बदलिँदो अपराधको स्वरुपलाई मध्यनजर गर्दै अपराध–अनुसन्धानलाई थप प्रविधिमैत्री, वैज्ञानिक र प्रभावकारी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले आधुनिक प्रविधि, स्रोतसाधन र आवश्यक पूर्वाधारमार्फत् प्रहरी अनुसन्धान क्षमतालाई सुदृढ बनाउन प्रदेश सरकारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री बानियाँले सीमित स्रोतसाधनका बाबजुद् नेपाल प्रहरीले जनतालाई प्रभावकारी सेवा दिइरहेको उल्लेख गर्दै प्रदेश सरकारले प्रहरी पूर्वाधार विकासलाई प्राथमिकतामा राखेको बताए । उनका अनुसार बागमती प्रदेश सरकारले हालसम्म प्रहरी चौकी, कार्यालय तथा भवन निर्माणका लागि एक अर्ब बढी लगानी गरिसकेको छ । आगामी दिनमा पनि प्रहरी संगठनलाई आवश्यक भौतिक तथा प्राविधिक सहयोग निरन्तर उपलब्ध गराइने उनले बताए ।

प्रहरीको अपराध अनुसन्धानलाई वैज्ञानिक बनाउन आधुनिक प्रयोगशाला र परीक्षण प्रणालीको आवश्यकता औंल्याउँदै मुख्यमन्त्री बानियाँले डीएनए परीक्षणजस्ता संवेदनशील विषयमा वर्षौंसम्म प्रतिवेदन कुर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्नेमा जोड दिए । 'हामी प्रहरीलाई प्रविधि, स्रोत र आवश्यक साधन हस्तान्तरण गर्न आतुर छौं,' उनले भने–डीएनए परीक्षणका लागि सात वर्ष कुर्नुपर्ने अवस्था हुनु न्यायिक प्रक्रियाका लागि उपयुक्त होइन । अनुसन्धानलाई छिटो, विश्वसनीय र वैज्ञानिक बनाउन आधुनिक प्रणाली आवश्यक छ । अपराध नियन्त्रण र अनुसन्धानमा प्रहरीको भूमिका महत्वपूर्ण भए पनि अनुसन्धानका क्रममा कुनै पनि निर्दोष नागरिक अन्यायमा पर्न नहुनेमा उनले विशेष जोड दिए ।

'तत्काल कोही अपराधी छुटे पनि उसलाई पछि कानुनी दायरामा ल्याउन सकिन्छ । तर, कुनै निरपराध व्यक्तिलाई अपराधी साबित गरियो भने त्यो न्यायप्रणाली र सुरक्षा संगठन दुवैका लागि गम्भीर त्रुटि हुनेछ,' उनले भने–यस्ता गल्तीले नागरिकको विश्वास कमजोर बनाउँछ र सुरक्षा निकायको साखमा समेत असर पर्छ ।

मुख्यमन्त्री बानियाँले अनुसन्धान प्रक्रियामा तथ्य, प्रमाण र वैज्ञानिक विधिको प्रयोग बढाउनुपर्ने आवश्यकता औंल्याउँदै प्रहरी संगठनलाई आवश्यक प्रविधि उपलब्ध गराउन प्रदेश सरकार इच्छुक रहेको बताए । उनका अनुसार विपत्, प्राकृतिक प्रकोप वा आन्दोलनका क्रममा क्षति पुगेका प्रहरी भवन तथा सवारीसाधनको पुनर्निर्माणका लागि प्रदेश सरकारले तत्काल सहयोग गर्न चाहँदा पनि संघीय संरचनाको जटिल प्रक्रियाका कारण ढिलाइ हुने गरेको छ ।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले आगामी आर्थिक वर्षको बजेटबारे पनि संकेत गर्दै असार १ गते सार्वजनिक हुने प्रदेश बजेट गरिब, ग्रामीण समुदाय र परिणाममुखी कार्यक्रमकेन्द्रित हुने बताए । उनले सुरक्षा क्षेत्रलाई सुदृढ बनाउन आवश्यक बजेट विनियोजन गरिने उल्लेख गर्दै प्रहरीको मनोबल उच्च राख्न र अनुसन्धान क्षमतामा सुधार ल्याउन प्रदेश सरकार संधैं साथमा रहने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री शिव राज अधिकारी, मकवानपुरका प्रजिअ बसन्त अधिकारी, नेपाल प्रहरीका एआईजी सुशीलसिंह राठोरलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

*प्रहरीले खाली गरायो अधिवेशनस्थल*

# रास्वपा बागमतीको निर्वाचन कार्यतालिका प्रभावित



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बागमती प्रदेशको नेतृत्व चयनका लागि जारी अधिवेशनमा निर्वाचन प्रक्रिया अनिश्चितकालका लागि स्थगित भएको छ । प्रतिनिधि छनौट र मतदाता नामावलीसम्बन्धि विवाद चुलिएपछि निर्वाचन समितिले मतदान कार्यक्रम रोक्ने निर्णय गरेको हो । किनकि, निर्वाचन प्रक्रिया मतदान सुरु भएको करिब आधा घण्टामै विवादमा तानिएको थियो ।

अधिवेशनमा सहभागी प्रतिनिधि मध्ये करिब ४ सय जनाको वैधानिकता माथि प्रश्न उठाउँदै उजुरी परेपछि विवाद थप गहिरिएको थियो । विशेषगरि पार्टी समायोजनबाट आएका सदस्यहरुको प्रतिनिधित्वलाई लिएर असन्तुष्टि देखिएको बताइएको छ । निर्वाचन समितिले मंगलबार सार्वजनिक गरेको मतदाता नामावली माथि सुरुदेखि नै प्रश्न उठे पनि उम्मेद्वारी दर्ताको प्रक्रिया अघि बढाइएको थियो । तर, विवाद समाधान हुन नसकेपछि बुधबारका लागि तय गरिएको मतदान कार्यक्रम सञ्चालन हुन सकेन ।

निर्वाचन समिति संयोजक सुमित्रा पण्डितले मतपत्रमा देखिएका प्राविधिक त्रुटि, प्रतिनिधिसम्बन्धि उजुरी तथा व्यवस्थापकीय पक्षलाई मिलाउन समय आवश्यक परेकाले निर्वाचन कार्यक्रम रोकिएको जानकारी दिइन् । उनका अनुसार सबै विषय टुङ्ग्याइएपछि नयाँ कार्यतालिका सार्वजनिक गरिनेछ । निर्वाचन प्रक्रिया स्थगित भएसँगै अधिवेशन स्थलको गतिविधि प्रभावित बनेको छ । मतदानको प्रतीक्षामा रहेका प्रतिनिधिहरु अन्यौलमा परेका छन् भने कतिपय प्रतिनिधि घर फर्किन थालेका छन् ।

रास्वपा बागमती प्रदेश नेतृत्व चयनका लागि आयोजित अधिवेशनमा १ हजार ३ सयभन्दा बढी प्रतिनिधि सहभागी छन् । निर्वाचन समितिले सबै विवाद समाधान गरेर नयाँ मतदान मिति तोक्ने तयारी भइरहेको जनाएको छ । रास्वपा बागमती प्रदेशको अधिवेशनअन्तर्गत् निर्वाचन कार्यतालिका प्रभावित भएको छ । अधिवेशनअन्तर्गत् प्रतिनिधि निर्धारणमा समस्या हुँदा निर्वाचन कार्यतालिका प्रभावित भएको हो ।

अधिवेशनअन्तर्गत् निर्वाचन समितिले मंगलबार दिउँसो १:१५ देखि २:४५ बजेसम्म मनोनयन दर्ताको कार्यतालिका निर्धारण गरेको थियो भने ४:३० देखि ४:४५ सम्म उम्मेद्वारको अन्तिम नामावली सार्वजनिक गर्ने कार्यसूची रहे पनि प्रतिनिधि तय हुन नसक्दा कार्यतालिका प्रभावित भएको हो । पालिका र जिल्लाबाट प्राप्त प्रतिनिधिहरुको नामावली रुजु गरी केही त्रुटि हटाउन समय लागेको निर्वाचन समितिले जनाएको छ ।

समिति संयोजक मधु चौलागाईका अनुसार प्रतिनिधि निर्धारण अन्तिम चरणमा छ । निर्वाचन कार्यतालिका परिमार्जन गरी कार्यक्रम अघि बढाइने उनले बताए । तर, प्रदेशको अधिवेशनस्थल खाली गराइएको छ । जसका कारण रास्वपा केन्द्रीय निर्वाचन समितिले स्पष्टीकरण सार्वजनिक गरेको छ । रास्वपा बागमती प्रदेश अधिवेशनअन्तर्गत् निर्वाचन कार्यक्रम प्राविधिक कारण देखाउँदै स्थगित गरिएपछि केन्द्रीय निर्वाचन आयोगले विज्ञप्ति जारी गरेको हो ।

बुधबार जारी विज्ञप्तिअनुसार अधिवेशन पूर्णरुपमा रद्ध भएको भन्ने हल्ला निराधार र भ्रमपूर्ण रहेको जनाएको छ । केन्द्रीय निर्वाचन आयोग प्रमुख भुवन केसीका अनुसार जेठ २६ गतेदेखि सुरु भएको अधिवेशनलाई थप व्यवस्थापनका लागि जेठ २७ गते विहान ८ बजेसम्मका लागि स्थगित गरिएको थियो । उक्त विषयमा केही व्यक्तिले अधिवेशन रद्ध भएको भ्रम फैलाएपछि प्रतिनिधिहरु मतदानस्थलबाट फर्किएको उनले बताए ।

आयोगले अधिवेशन रद्ध नभइ केही समयका लागिमात्र स्थगित गरिएको जनाएको छ । मतपत्रमा देखिएका त्रुटि सच्याउन र मतदाता नामावलीको अन्तिम प्राविधिक प्रमाणीकरण गर्न केही समय लाग्ने भएकाले निर्वाचन कार्यक्रम सारिएको विज्ञप्तिमा उल्लेख छ । करिब ४ सय जनाको समायोजन सूचीमा देखिएका उजुरी र विवादहरुको उचित सम्बोधन गर्न, प्रदेश निर्वाचन समितिमा आवश्यक जनशक्ति थप गरी निर्वाचन प्रक्रियालाई सहज बनाउन निर्वाचन कार्यक्रम स्थगित गरिएको विज्ञप्तिमा भनिएको छ ।

भ्रमका कारण मतदानस्थल छाडेर फर्किएका प्रतिनिधिहरुलाई पुन: सहभागी हुने अवसर प्रदान गर्न निर्वाचनको नयाँ मिति र समय तय गरिने आयोगले जनाएको छ । निर्वाचन प्रक्रिया सुचारु हुनुभन्दा कम्तिमा २४ घण्टा अगाडि आधिकारिक सूचना जारी गरिने भनिएको छ । आयोगले कुनै पनि भ्रामक हल्लाको पछि नलाग्न र आधिकारिक सूचनाको प्रतीक्षा गर्न सम्पूर्ण प्रतिनिधि, उम्मेद्वार तथा सरोकारवालाहरुलाई आग्रह गरेको छ ।

रास्वपा प्रदेशको सभापतिमा ४ जनाको उम्मेद्वारी कायम छ । २ सांसद्सहित ५ जनाले उम्मेद्वारी दिएकोमा ४ जनाको उम्मेद्वारी कायम रहेको हो । मंगलबार राति अबेर निर्वाचन कार्यक्रमअन्तर्गत् उम्मेद्वारको अन्तिम नामावली सार्वजनिक गरिएको थियो । जसअनुसार काभ्रेबाट निर्वाचित सांसद् बदन भण्डारीले उम्मेद्वारी फिर्ता गरेका छन् । सार्वजनिक गरिएका उम्मेद्वारहरुको अन्तिम नामावली अनुसार सभापतिमा रामेछापका हरि बहादुर खत्री, नुवाकोटका डा. अच्युतम लामिछाने, धादिङका कृष्णमान श्रेष्ठ र मकवानपुरका उत्सव अर्याल रहेको निर्वाचन आयोगले जानकारी दिएको छ ।

बाँकी ४ पेजमा......







**उखान:** बाँदरको पुच्छर लौरो न हतियार ।

॥ ॥ बेलाको बोली ॥ ॥

**मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।**

*- भानुभक्त आचार्य*

## सम्पादकीय

# निर्वाचन प्रणाली सुधार्ने ?

*निर्वाचन आयोगले पटक-पटक निर्वाचनसम्बन्धी कानुन संशोधनको मस्यौदा तयार गर्दै आएता पनि राजनीतिक सहमतिको अभावमा त्यसले कानुनी रुप लिन सकेको देखिदैन । गत निर्वाचनअघि पनि यस्तै प्रयास भएको थियो तर सफल हुन सकेन । अहिले आयोगले पुन: विधेयकको मस्यौदा तयार गरेको छ । आगामी २०८४ सालको स्थानीय तह तथा प्रदेशसभा निर्वाचनअघि नै यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । आयोगले संघ, प्रदेश तथा स्थानीय तहमा उम्मेदवार भई पराजित भएको व्यक्तिले सोही कार्यकालमा पुन: प्रतिस्पर्धा गर्न नपाउने व्यवस्था प्रस्ताव गरेको छ । यद्यपि, सोही क्षेत्र वा तहको उपनिर्वाचनमा भने उम्मेदवारी दिन सकिनेछ ।*


*त्यसैगरी, दुई पटक समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित व्यक्ति पुन: सोही प्रणालीबाट उम्मेदवार बन्न नपाउने तथा निर्वाचन खर्च विवरण नबुझाएको व्यक्तिले छ वर्षसम्म निर्वाचनमा भाग लिन नपाउने व्यवस्था पनि प्रस्ताव गरिएको छ । यी प्रस्तावहरू कार्यान्वयनमा आए नेपालको राजनीतिक प्रणालीमा उत्तरदायित्व, पारदर्शिता र नेतृत्वको नवीकरणलाई प्रोत्साहन मिल्न सक्छ । पराजित उम्मेदवारलाई सोही कार्यकालमा पुन: प्रतिस्पर्धा गर्न नदिने व्यवस्थाले नयाँ व्यक्तिहरुलाई अवसर प्रदान गर्नेछ । समानुपातिक प्रणालीबाट बारम्बार निर्वाचित हुने सीमित व्यक्तिको पहुँचलाई नियन्त्रण गर्दै नयाँ नेतृत्वको उदयका लागि मार्ग प्रशस्त हुन सक्छ ।*

*निर्वाचन लोकतान्त्रिक अभ्यासको सर्वोच्च माध्यम हो । यसमा जति धेरै नागरिकको सहभागिता सुनिश्चित हुन्छ, लोकतन्त्र त्यति नै बलियो बन्छ । निर्वाचन आयोगले प्रस्ताव गरेका सुधारहरु निर्वाचन प्रणालीलाई अझ समावेशी, प्रतिनिधिमूलक, पारदर्शी र मतदातामैत्री बनाउने दिशामा केन्द्रित छन् । त्यसैले राजनीतिक दलहरुले संकीर्ण स्वार्थभन्दा माथि उठेर निर्वाचन कानुन संशोधनलाई प्राथमिकतामा राख्नुपर्छ । साथै निर्वाचन प्रणाली बारेमा जनस्तरबाट उठेका "राईट टु रिकल"लाई पनि बहसमा ल्याएर कार्यान्वयनतर्फ जानुपर्नेछ । यसका साथसाथै एक जिल्ला एक प्रतिनिधिसभाको अवधारणालाई पनि जनताले नराम्रो मानेका छैनन् ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको ।

# विक्रमशिला विश्वविद्यालय



**✍केशव प्रसाद खरेल**
(अधिबक्ता) उपप्राध्यापक



बिक्रमशिला विश्वविद्यालय बिहार प्रान्तको भागलपुर जिल्लामा स्थापना भएको छ। यो विश्व विद्यालय स्थापनाको देन पाल वंशका राजा धर्मपाललाई दिईएको छ । चाडै नै यस विश्व विद्यालयले अन्तराष्ट्रियस्तरमा आफ्नो नाम उच्च राख्न सफल भएको देखिन्छ । यो विश्व विद्यालयमा अध्यापन गराउने विद्वाहरूको सुचि त्यहां राखिएको छ ।

यस विश्वविद्यायको शुरूदेखि नै तिब्वतीयन हरूसंग राम्रो सम्बन्ध रहेको देखिन्छ। तिब्वतबाट अध्ययन गर्न आउनेहरूको लागि एक अतिथिशाला बनाइएको थियो । बिक्रमशिलाका धेरै विद्वानहरू पनि तिब्वत गएका थिए। ति विद्वानहरूले कतिपय पुस्तकहरूलाई तिव्वती भाषामा अनुवाद गरेका पनि थिए। त्यस्ता विभिन्न विद्वानहरूमध्ये प्रशिद्ध दीपङ्कर श्रीज्ञान थिए। उनलाई अतिश उपाध्याय पनि भनिन्थ्यो। विक्रमशिलाको पुस्तकालय विशाल थियो। १२ औं शताब्दिमा विक्रमशिलामा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या ३ हजार थियो ।

कुलपतिको नेतृत्वमा ६ जना भिक्षुकहरूको व्यवस्थाका लागि एक मण्डलको व्यवस्था थियो । कुलपतिको मातहतमा ४ जना द्वारपण्डितहरूको एक परिषद् प्रवेश गर्नका लागि परिक्षा लिने काम गर्दथे । यस विद्यालयमा व्याकरण, न्याय, दर्शन, तन्त्रको अध्ययनका लागि विशेष व्यवस्था गरिएको थियो । यहाँको व्यवस्था अधिक राम्रो थियो । बंगालको शासक शिक्षाको उपाधि प्रदान गर्ने काम गर्दथे ।

इस्वी सन् १२०३ मा बक्तियार खिलजीले यो विश्वविद्यालय नष्ट गरी दिए । यस विश्व विद्यालयमा बौद्ध धर्म, दर्शनका अतिरिक्त न्याय तत्वज्ञान, व्याकरणको शिक्षा दिने काम हुन्थ्यो । विद्यार्थीको लागि पुस्तक पनि उपलव्ध हुन्थ्यो । विद्यार्थीले राखेको जिज्ञासाको समाधान आचार्यबाट हुन्थ्यो। देश विदेशबाट अध्ययन गर्न विद्यार्थीहरू आउने काम गर्दथे। विदेशबाट आउने विद्यार्थीहरू मध्ये सबभन्दा बढी तिब्बतबाट आउंदथे। आवश्यक ज्ञान आर्जन गरी सकेपछि उच्च तहबाट प्रमाण पत्र दिने काम हुन्थ्यो। उपाधीलाई प्रमाणको रूपमा लिने गर्दथे। यहाँ प्रशस्त विद्यार्थीहरू पढ्ने काम गर्दथे । पूर्व मध्ययुगमा योभन्दा ठूलो शिक्षाको केन्द्र रहेको थिएन ।

त्यसकारण यहा विद्यार्थीहरूको संख्या अधिक हुनु कुनै नौलो कुरा होइन। अध्यापकहरू पनि चानचुन ३ हजार जति थिए। अध्यापकहरूको संख्याभन्दा विद्यार्थीहरूको संख्या ३ गुणाले बढी हुनु स्वभाविक हो । यहाँका अध्यापकहरूले धेरै पुस्तकहरूको रचना गरेका थिए। ती रचना गरि एका ग्रन्थहरूको विवरण साहित्य तथा इतिहासमा उल्लेख गरिएको छ। त्यस्ता विद्वानहरूमा शान्त-रक्षित, विरोचन, ज्ञानपाद, बुद्व, तेजारिरत्नाकार शान्ति, ज्ञानश्री मित्र, रत्नबज्र, अभयकंर आदिको नाम लिन सकिन्छ । दीपङ्कर नामक विद्वान भिक्षुकले १०० भन्दा बढी ग्रन्थको रचना गरेका थिए । उनी महान् शक्तिशाली व्यक्ति थिए ।

**तक्षशिला विश्वविद्यालय :**

तक्षशिला भारतको एक प्रमुख शिक्षाको केन्द्र हो। यस विद्यालयको स्थापना भरतले गरेका हन्। प्रशासन हेर्ने काम तक्षको जिम्मा लगाइएको थियो। तक्षको नामबाट नै यसको नाम तक्षशिला राखिएको हुन सक्छ। महाभारतकाअनुसार जनमजेयले नाग यज्ञ यहाँ नै गरेका थिए । यस प्रमाणबाट स्पष्ट हुन्छ कि तक्षशिला उत्तरवैदिक कालबाट नै विकसित भएको हुनु पर्दछ। जातक ग्रन्थअनुसार विभिन्न स्थानबाट आएका विद्यार्थीहरू गुरू कहाँ गएर शिल्प ज्ञानको शिक्षा लिने काम गर्दथे ।

यस विद्यालयको ज्ञान यति प्रचार भएको थियो कि वाराणसी, मिथिला, उज्जयिनी, विभिन्न नगरबाट ज्ञान लिनका लागि यहाँ आउने काम गर्दथे । कोसल सम्राट प्रसेनजित, मौर्य सम्राट चन्द्रगुप्त, महान अर्थशास्त्री कौटील्य, ख्यातीलब्ध वैद जीवक, व्याकरणकार पाणिनी यहिबाट शिक्षा पाएर आफ्नो आफ्नो क्षेत्रमा नाम कमाएका थिए । यहाँ विभिन्न विषयको शिक्षा प्रदान गर्ने काम हुन्थ्यो । वेदत्रयी, अष्टादश शिल्प, व्याकरण दर्शन, आर्यवेद, शल्यचिकित्सा, धनुविद्या, युद्वकला, ज्योतिष, भविष्यकथन, मुनीमी, व्यापार, कृषि, रथ सञ्चालन, इन्द्रजाल, नागवंशीकरण, गुप्तनिधि, अन्वेषण, संगित, नृत्य, चित्रकला, अष्टादश शिल्प आदि थिए। जातक ग्रन्थअनुसार यहाँ एक आचार्यले ५०० विद्यार्थीको हेरचाह गर्नु पर्दथ्यो। पाठयक्रम निर्धारित गरिएको हुन्थ्यो । इच्छानुसार पढ्न पाइन्थ्यो । विद्यार्थीहरूलाई जातको आधारमा भेदभाव राखिदैनथ्यो। ४ वर्णकाले समान रूपबाट शिक्षा आर्जन गर्न सक्दथे । धनी गरिव सबैले समानरूपवाट गुरूको आश्रममा बसी विद्या आर्जन गर्न सक्दथे। धनीले गुरूलाई धन बढी दिन्थे भने गरिव विद्यार्थीले श्रम गरेर गुरू दक्षिणा दिने काम गर्दथे। धनी विद्यार्थीले गुरूलाई एक सहस्र कार्षापण दक्षिणाको रूपमा दिने प्रचलन थियो।

**काशी विश्वविद्यालय :**

काशीलाई शिक्षाको मूल केन्द्र मान्दै आएको छ। उपनिषद् युगमा काशी एक महत्वपूर्ण शिक्षा केन्द्रको रूपमा विकसित भएको हो। काशी नरेश अजातशत्रु प्रतिभा तथा विद्वानका लागि नाम चलेका हुन्। उनले शिक्षा लिएपछि विभिन्न ठाउँमा घुमेका थिए । बुद्वको समयमा पनि काशीको महत्व उस्तै थियो। वैदिक दर्शनका लागि काशी अग्रभागमा रहेको थियो । अलवेरूनीको अनुसार काशीको शिक्षा वाराणसीतर्फ बढ्दै गएको देखिन्छ। काशीको जस्तो शिक्षा अरू कुनै ठाउँमा पनि पाउन कठिन थियो भनि उनले प्रशंसा गरेका थिए ।

**चित्रकुटको परिचय :**

चित्रकुट इलाहावादवाट दक्षिण पशिचममा १०४ किलोमीटर टाढा वादा जिल्लामा चित्रकुट नामक एक पहाड छ । रामायणमा भारद्वाज आश्रमवाट २० किलोमिटर दुरीमा पर्दछ। अयोध्याय काण्डअनुसार भगवान राम मन्दाकिनी किनारामा बस्दथे। भारद्वाज पहाडवाट हिड्ने समयमा उनी यहाँ आएका थिए । चित्रकुटमा मन्दाकिनी वा मालिनी नामक नदी बग्दथ्यो। महाभारतमा चित्रकुट वा मन्दाकिनी नदीको वर्णन आएको छ। भागवत पुराण तथा ललितविस्तर अनुसार चित्रकुट एक पहाडको रूपमा रहेको थियो । जैनग्रन्थ भगवत टिकामा चित्रकुटको प्रसंग जोडिएको छ । कालीदाशले रघुवंशको वर्णन गर्दै भनेका थिए ।

## प्रजनन् रूग्णता र उपचार

***समिता घिमिरे,***

प्रजनन स्वास्थ्य भनेको प्रजनन् प्रणाली, प्रजनन् अङ्ग र तिनका कार्य तथा प्रक्रियाहरू सँग सम्बन्धित सबै कुराहरूमा कुनै रोग वा कमजोरी नभएको अवस्था हुनु मात्र नभई यो व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक रूपमा समेत पूर्णरूपमा समृद्ध भएको एक अवस्था हो। मानिस प्रजननरूपमा पूर्ण स्वस्थ हुनका लागि उसका प्रजनन् अङ्गहरू ठिक, सबल हुनुमात्र नभई प्रजनन् तथा यौनसम्बन्धी मानशिकता, दृष्टिकोण, अवधा-रणा, सोच आदि पनि सकारात्मक हुनु जरूरी छ।

प्रजनन रुग्णता भन्नाले प्रजनन प्रणालीसँग सम्बन्धित कुनै पनि प्रकारका रोग, समस्या वा जटिलतालाई जनाइन्छ, जसले महिला वा पुरुषको प्रजनन स्वास्थ्यमा नकारात्मक असर पार्दछ। जस्तै; आङ खस्ने समस्या, पाठेघरको क्यान्सर, स्तन क्यान्सर र अब्स्टेट्रिक फिष्टुला ।

नेपालको हकमा ब्लोबल क्यान्सर अब्जर भेटरीको सन् २०२२ को तथ्यांकअनुसार नेपालमा सबैभन्दा बढी हुने क्यान्सर भनेको फोक्सोको क्यान्सर हो। महिला केन्द्रित भई तथ्यांक केलाउदा महिलामा हुने क्यान्सरमध्ये स्तन क्यान्सर पहिलो नम्बरमा पर्छ भने पाठेघरको मुखको क्यान्सर दोस्रोमा । बेलैमा समस्या पहिचान गरि उपचार गराएमा यी क्यान्सरको निको हुने सम्भावना करिब सम्भव देखिन्छ। पाठेघरको मुखको क्यान्सर गराउने प्रमुख कारणमध्ये एक HPV-Human Papilloma Virus) को दुइटा स्ट्रेन विरुद्ध नेपाल सरकारले अघिल्लो आ.व. मा क्याम्पेनमार्फत् र यो आ.व. मा नियमित खोपमार्फत खोप सेवा प्रदान गरिरहेको छ।

क्यान्सरबाहेक पाठेघर आङ्ग खस्ने समस्या पनि महिलामा हुने प्रजनन रुणनाताको एउटा प्रमुख पाटो हो । कुनै कारणले पाठेघर वरिपरिका मांसपेशी र तन्तुहरू कमजोर हुन गएमा पाठेघर आफ्नो ठाउँभन्दा तल योनीसम्म वा बाहिर निस्कने अवस्थालाई पाठेघर (आङ्ग) खसेको समस्या भनिन्छ ।

यस्तो अवस्थामा पाठेघरमात्र नभइ यसको अगाडि पिसाबको थैली र पछाडि दिसाको बाटो पनि तल भर्ने गर्दछ । सुत्केरीपछि पर्याप्त आराम, पोषण र सावधानी नअपनाउँदा तथा कम उमेरमा वा धेरैपटक बच्चा जन्माउँदा पाठेघर खस्ने जोखिम बढ्छ। नेपाल सरकारले पाठेघर खस्ने समस्याको उपचार (केगल एक्सरसाइज, रिंग प्रेसरी तथा तोकिएको अस्पतालमा नि:शुल्क शल्यक्रियाको व्यवस्था गरेको छ । केगल एक्सरसाइज पाठेघर वरिपरिको तन्तु दह्रो बनाउने एक किसिमको एक्सरसाइज हो भने रिंग प्रेसरी शल्यक्रिया गर्न नमिल्ने वा नचाहने महिलामा योनीभित्र रबरको रिंग राखी पाठेघरलाई आफ्नो घरमा राख्ने एउटा प्रक्रिया हो । बढीमा ३ महिनामा सफा गर्नुपर्छ। एकपटक राखिएको रिंग आफै निकाली अरु कुनै उपचार विधि नअपनाएसम्म यो समस्या झन् बढ्न सक्दछ।


*साभार : स्वास्थ्य खबर*

## तपाईंको आज

| | |
|---|---|
| **मेष** खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल रहला। आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ। | **बृष** गोपनीयता बाहिरिनाले समस्या आइपर्न सक्छ । साँझदेखि स्थितिमा सुधार आउनाले कर्मको साधना सिद्ध हुने र परिवारको सहयोग पाईनेछ । |
| **मिथुन** प्रियजनसँग भेटघाट हुनेछ । तर, विचार नमिल्नाले आफन्तसँगै वादविवाद हुन सक्नेछ । प्रेमको बन्धन कमजोर बन्ने समय छ। | **कर्कट** उधारो व्यापार गर्नुपर्ला। आँटेको यात्रा रोकिन सक्नेछ। काम बिग्रनाले दु:ख पाइनेछ। नया काम नबन्ने र न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । |
| **सिंह** भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ। | **कन्या** अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ। साँझतिर व्यापारमा राम्रो उन्नती र फाइदा हुनेछ। |
| **तुला** काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ। परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुने योग देखिन्छ। | **बृश्चिक** भौतिक साधनमा क्षति पुग्ने सम्भावना देखिएकाले सजग रहनु होला । प्रतिस्पर्धीहरूबाट पनि अलि जोगिएर काम लिनुपर्ने समय छ । |
| **धनु** अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन्। परिवारमा आमाको माध्यम-बाट नयां काम लिन सकिनेछ। | **मकर** आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगी-हरूले बीचैमा हात झिक्न सक्छन् । |
| **कुम्भ** मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झाउन सकिने योग देखिनेछ। | **मिन** प्रतिस्पर्धीहरूले वादविवादमा फसाउन सक्नेछन्, बिशेष सजग रहनु होला। मिहिनेतले केही नयाँ काम गर्ने अवसर भने दिलाउन सक्नेछ। |

हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३०
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नक्साले खोज्दैछ नेपाल



**✍ चेतप्रसाद पौडेल**
(सैपुले साहिंलो)




*दरिद्र हटाइ चरित्र रोज्नुछ ...*
**नेपाली मिलेर नेपाल खोज्नुछ**
-त्रिसत्य महाकाव्य

**नेपाल चिनेर नेपालीले सही किसिमले व्याख्या र वर्णनका निमित्त अगाडि सर्नु पर्दछ । त्यसरी अगाडि गएको खण्डमा नागरिकले सही नागरिक बनेको अनुभूति गर्न सक्दछन्। म नेपाली नागरिक हुँ भनेर गर्वचै गर्दछ तर उ आफू बसेको भूगोल संक्षिप्त चिनारी बाहिरी देशका नागरिक समक्ष एक झलक प्रस्तुत गर्न चै असमर्थ हुन्छ भने उसले शिर झुकाउनु पर्दछ । सगरमाथा रहेको देशको नागरिक हुँ म। शिवपार्वतीले शोभित राष्ट्रको नागरिक हुँ म। बुद्ध जन्मेको देशको नागरिक हुँ म। बेद उपवेद्, १८ पुराण उपपुराण लेखेर पूर्वीय दर्शन दिएर सुज्ञानद्वारा विज्ञान बनेर सिद्वान्तलाई व्यवहारमा उतार्ने जमर्को गर्नु भएको छ। व्यासद्वारा र चित श्रृजना सबैले दरिद्र हटाइ चरित्र निमार्ण गर्ने/गराउने कार्य भएमा ऋषिमुनिहरुको त्याग र तपस्या समाज उन्नत बनाई लैजाने योगदान आदिका दृष्टान्त शैन्य शक्तिका प्रतीक मान्न सकिन्छ। यि यस्तै दर्शन दृष्टान्तले शोभित रहनेछ, आजको आलेख।**

**विश्वको नक्सा ग्लोवल गुगल भूगोल यी सबै निहित रहन्छन्। महादेश महासागर अक्षांश देशान्तर अनि त्योदेश त्योराष्ट्रले चर्चेको भूभाग पर्दछन् । त्योसैलाई सबै माझ प्रस्तुत गर्दैछु । प्रस्तोता बनेर नेपाल राष्ट्रको बारेमा नेपाल विशाल दुई राष्ट्रका माझमा अवस्थित छ। विश्वको दोश्रो जनसख्या रहेको समृद्ध राष्ट्र चन्द्रमा र मंगल ग्रहमा समेत बर्चश्व जमाउन सफल राष्ट्रको रुपमा चिनारी दिएको पाइन्छ। दक्षिणतर्फमा रहेको भारत विश्वमा बढी जनसंख्या भएको राष्ट्रका रुपमा मात्र होइन, उन्नति प्रगतिमा पनि अगाडि बढिरहेको सशक्त झलक देखाइ रहेको प्रष्ट छ। चन्द्रमा र मंगल ग्रहमा आधिपत्य जमाउने विश्वका ४ (चार) राष्ट्र हरु (१) अमेरिका (२) रुस (३) चाइना (४) भारत पर्दछ । तत्कालीन अवस्थामै प्रधानमन्त्रि मोदीले अबको चन्द्रमा मंगल ग्रहको गमन होइन, अबको गमन हुनेछ आदित्य गमन । सूर्यमा कसरी जाने ? तपाई विज्ञान क्षेत्रमा डटेर रहने वैज्ञानिकहरुलाई सुझावसहित हौसला पनि प्रदान गर्दछु । राष्ट्रको उचाइ बढाउने कार्यमा विशिष्ट भूमिका निर्वाह गर्नुस्। नेपाल राष्ट्र असाध्य शौभाग्यली भाग्यमानी राष्ट्रका रुपमा विश्वले हेरिरहेको छ ।**

**नेपाल राष्ट्रका छिमेकी उत्कृष्ट विचार विवेक शील छन्, दुबै यी छिमेकी धनका पनि धनी र मनका पनि धनी छन्। अर्काको भूभाग अर्काको सम्पतिमा लालच नगर्ने दुबै छिमेकी कति असल चरित्रवान छन्। यी यस्ता ओजश्वी एवम तेजश्वी शब्दले विश्वमा चर्चा र प्रचार प्रसार हामी नेपाल राष्ट्रमा बसोवास गर्नुहुने सबैको अपूर्व एवम् सुवर्ण मौका हो भन्नु पदर्छ। भारत चाइना दुवैमा हृदय देखि नै आभार पनि ब्यक्त गर्दछौं। तपाईहरु दुबै छिमकी बौद्विकताको शिखरमा रहनु भएको छ अझ उचाई चुम्नुस्, हाम्रो शुभकामना छ। प्राचीन कालको बृहत (ग्रेटर) नेपाल खोजेका छैन्, हामी नेपालीले केवल नेपाल खोजेका छौ । सन् १८१६ को सुघौली सन्धिले छुट्याई दिएको मान-चित्रको भुभाग निर्वाधरुपमा नेपाल राष्ट्रले उपभोग गरोस्। उपभोग गराउन हामी चाइना भारत दुवै सहमत छौं भन्नुस्। दुबै छिमेकीहरु विश्वमै उत्मुष्ट चरित्र सारथी सिद्ध हुनु हुनेछ । यो सौम्य शक्तिलाई आधार बनाई राष्ट्रको राष्ट्रिय अस्तित्व कायमका निमित्त राष्ट्रको आवश्यकतालाई उतार्ने जमर्को गर्दछु ।**

**नेपाल दक्षिण एशियामा अवस्थित राष्ट्र हो। यसको भौगोलिक अवस्थिति अक्षाश:२६ डिग्री २२ मिनेट उत्तरी अक्षाँशदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांशमा निहित छ। यसैगरी देशान्तर: ८० डिग्री ४ मिनेट पूर्वीदेशान्तरदेखि ८८० डिग्री १२ मिनेट ५ वी देशान्तरभित्र निहित छ भने आयताकार यो ईट्टा आकारमा छ। क्षेत्रफल १,४७५१६ वर्ग किलोमिटर (५६.८२७ वर्ग माइल) भौगोलिक विभाजन नेपाल राष्ट्रलाई धरातलीय रुपले विशेष गरेर ३ प्रदेशमा विभाजन गरिएको पाइन्छ। जो निम्न प्रकार छन।**

(क) हिमाली प्रदेश :

**३००० मिटरदेखि ८८४८.६ मिटरसम्मको उचाई फैलिएको प्रदेशलाई लिइन्छ । यस क्षेत्रले राष्ट्रको करिव १४.३५/भूभाग ओगटेको छ । विश्वको अग्लो हिमाल सगरमाथालगायतका हिमालहरु यसै प्रदेशमा पाउन सकिन्छ ।**

(ख) पहाडी प्रदेश :

**नेपालको मध्यभागमा पहाडी प्रदेश पर्दछ। हिमाली प्रदेशबाट दक्षिणतर्फ र तराई प्रदेशबाट उत्तरतर्फमा अवस्थित छ । यस प्रदेशले नेपालको ६८ भूगोल ओगट्न सफल देखिन्छ। जनसंख्याको दृष्टिले ५२/२५ प्रतिशत जनसंख्या बसोवास गरेको पाइन्छ ।**

**पोखरा महानगरपालिका पनि यसै प्रदेशको नमूना मानिन्छ । यहांको हावापानी समशितोष्ण खालको पाईन्छ। जाडोमा ठिक्क जाडो र गर्मीमा ठीक्क खालको मौसम पाइन्छ। विशेष गरेर जौ गहुँ आलु मूला स्याउ नास्पाती पाइन्छ। चौरी र भेडापालन कार्यले प्रशस्त कमाई गरेर आनन्दले जीवन गुजार्ने गरेको पाइन्छ। बसोवासका निमित्त नेपाली बनेर सगर्व रहन उत्साहित यो प्रदेशले गर्दछ। यहाँ रोग व्याधी आदिले आक्रमण नगर्ने पनि विश्वास गरिन्छ ।**

(ग) तराइ प्रदेश :

**नेपालका ३ प्रदेशहरुमा प्रमुख प्रदेश मानिन्छ तराई प्रदेश। यसले १७.५ प्रतिशत भूभाग ओगटेको छ। यो प्रदेशलाई अन्नको भकारी पनि भनिन्छ । झर्रो शब्दमा भन्ने हो भने अन्नको भण्डार भनिन्छ। तराई प्रदेशलले बाँकी दुई प्रदेशलाई इज्जत बढाउने संज्ञा दिईन्छ ।**

**धान, गहुँ, आँप, कटहर जस्ता अन्न बाली र फलफूल यस प्रदेशमा उत्पादन हुने गर्दछ । नगदे बालीमा उखु, कपास, जुट, सनपाटलगायतका वस्तुहरु प्रशस्त मात्रामा लगाईने चलन छ। पहाड घर हो हिमाल छानो हो भने तराई घरको आँगन हो भनिन्छ । नेपालीमा एउटा गीत पनि प्रख्यात छ। "तराई बतास चले पहाडले छेक्नुपर्छ, हिमालमा चिसोबढे तराईले सेक्नु पर्छ, यी र यस्ता सौम्य शक्तिका प्रतीक मानिन्छन्।**

**जसरी निरोगी शरीरमा कहीं कतैबाट चोट पटक नलागि जीवन बिताउंछ भने स्वास्थ्य जीवन भनिन्छ। त्यसरी नै नेपाल राष्ट्रको नक्सामा अंकित भूभाग कसैले जानेर अथवा नजनेर अपचलन गर्नु भएको भएमा चलन गर्नेले पनि ससम्मान फिर्ता गर्नु पर्दछ। लिनेले पनि आफ्नो नक्साभित्रको भूगोल १ इञ्च पनि छोड्नु हुँदैन आआफना मर्यादा सीमा नाध्नु हुंदैन, लक्ष्मण रेखा अर्जुनदृष्टि यो सारथीको कर्तव्य हुन्छ । म सानो छंदा मेरी माता र पिताजी लालप्रसाद पौडेलले बशुधैव कुटुम्बकम्को सिद्वान्त याद गर्नलाई प्रेरित गरि रहुनुहुन्थ्यो । कण्ठस्थ पार्न लगाउनु हुन्थ्यो ।**

अतिथि देवो भव : मातृ देवो भव :
आचार्य देवोभव : राष्ट्र देवो भव :

**पाहुना, आमा, गुरु र राष्ट्रलाई देवता समान मानेर आदर सत्कारसहित पुजा अर्चना गर्नु,अनि आफुभन्दा साना नानीबाबुलाईहरुलाई पनि यी कुरा सबैले संधै यदि गर्नु/गराउनु पर्दछ ।**

**जसरी नालापनी युद्धमा ९ (नौ) माहिनाको सुत्केरी, दुधेबालखलाई छातीमा ओड्नेले बांधेर दु:ध चुसाउंदै हातमा बन्दुक लिएर बृटिस आर्मी समक्ष लड्न् गएकी थिइन्, ती आमाहरुलाई सलाम सम्मान दिन नबिर्सनु । विपक्षीको गोलीले आमा ढल्दा पनि बच्चाले त्यो स्तनचुसि नै रहेको थियो। राष्ट्रको जगेर्ना सम्पूर्ण राष्ट्रबासीले गर्नु पर्दछ। दायित्व सबैको हो । सारथी नेतृत्व तहमा रहनेले मित्रवत् कुटनीति प्रयोग गरेर पाइला चाल्नु पर्दछ। फुकेर पाइला चलाएमा त्यस कार्यले कालजयी भएर रहन सघाउँछ । स्याल मार्न जानुछ भने बाघ मार्ने सराजाम साथमा लैजानु पर्दछ, त्यसैले सफलताको शिखर चुम्नमा अवश्य संघाउँछ ।**

**नेपालीले नेपाल राष्ट्रको चिनारी दिंदाका अवस्थामा पूर्वतयारी रहन उत्तम मानिन्छ। त्रिसत्य महाकाव्य, चरित्र विज्ञान, लिएर भूईका तमाम मान्छेका गाँस, वास, कपास, शिक्षा र स्वास्थ्यको बारेमा लेखेर ज्ञानको ज्योति छर्न र बुद्धले लुम्बिनीमा जन्मेर विश्वमा नेपाल चिनारी गर्नुभए जसरी । शिवले पुर्वीय दर्शनमा दर्शनको जननी भनेर उत्कृष्ट दिईएको संस्कृति संस्कार सभ्यता आदिलाई चन्द्र/सूर्य अकित ध्वजा बनेर गिनिज बुक रेकर्ड र नासामा फरफराउन सफल भइयो भने विश्वमा सुन्दर शान्त विशाल राष्ट, यो नेपाल ग्रेटर पावर नै सौम्यशक्ति हुनेछ । यी कुरा ठाउं ठाउंमा गर्नु पर्दछ, जहाँ बसेर कुरा गर्दा पनि नेपाल र नेपालीको हितमा हुनेछ ।**

*: समाप्त :*

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष


# १२८ मेगावाट् विद्युत् राष्ट्रिय प्रसारणलाइनमा



म्याग्दी/म्याग्दीको रघुगंगा गाउँपालिका–३, तिल्केनीचौरमा २२० केभी क्षमताको स्विचयार्ड सञ्चालनमा आएको छ । स्विचयार्डका उपकरणले विद्युतगृहमा जेनेरेटरबाट उत्पादन भएको ऊर्जालाई प्राप्त गर्ने र प्रसारणलाइनमा आपूर्ति गराउँछ। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावरद्वारा निर्माणाधीन ४० मेगावाट् क्षमताको राहुघाट जलविद्युत् आयोजनाको स्विचयार्डमार्फत् राहुघाट कोरिडोरमा निर्माण भएका चार वटा आयोजनाका १२७.८ मेगावाट् विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जोडिएको हो ।

राहुघाट जलविद्युत् आयोजनाका प्रमुख राजबहादुर बिष्टले स्विचयार्डमा जडान भएका उपकरणको परीक्षण सफल भएपछि सोमबारदेखि राष्ट्रिय प्रणालीमा आवद्ध गरिएको जानकारी दिए। 'राहुघाट कोरिडोरका चार वटा आयोजनाबाट आउने र राहुघाटको विद्युत्गृहबाट उत्पादन हुने विद्युत् हाम्रो स्विचयार्डबाट २२० केभी क्षमताको कालीगण्डकी कोरिडोरमा लिलो (लुपइन, लुपआउट) माध्यमबाट जोड्ने संरचना तयार र उपकरण जडान भएको छ,' उनले भने–४० मेगावाट् क्षमताको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादनको तयारीमा जुटेका छौं ।

राहुघाट जलविद्युत् आयोजनाको सिभिल महाशाखा प्रमुख रविन कट्टेलले एआईएस (एयर इन्सुलेटेड) प्रविधिको स्विचयार्ड निर्माण गरिएको बताए। राहुघाटका हाइड्रोमेकानिकल ठेकेदार भारत हेवी इलेक्ट्रिकल्स (भेल) ले स्विचयार्ड बनाएको हो । चार वटा प्रसारणलाइनको टावर निर्माण भइसकेको छ। हाल ३५ दशमलव पाँच मेगावाट् क्षमताको चिमखोला–मंगले–राहुघाट, ४८ दशमलव पाँच मेगावाट् क्षमताको अपर राहुघाट, २१ दशमलव तीन मेगावाट् क्षमताको ठूलोखोला र २२ दशमलव पाँच मेगावाट्को माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको विद्युत् राहुघाटको स्विचयार्ड हुँदै केन्द्रीय प्रणालीमा आवद्ध भएको छ ।

निर्माणको अन्तिम चरणमा पुगेको राहुघाट जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् पनि यही स्विचयार्ड र प्रसारणलाइनबाट केन्द्रीय प्रणालीमा आवद्ध हुनेछन् । सुरुङ, बाँध र विद्युत्गृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना परीक्षण उत्पादनको तयारीमा जुटेको हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिए । भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्स (जेपी) ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित २०१७ नोभेम्बर १७ (२०७४ मंसिर ६ गते) ६ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोभेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो । चौथो पटक थपिएको समयभित्र आयोजना सम्पन्न गराउने लक्ष्यअनुसार काम भइरहेको प्रबन्ध सञ्चालक केसीले बताए ।

# विदेशी विनिमय सञ्चिति ३८.३ प्रतिशत् वृद्धि



काठमाडौं/नेपालको विदेशी विनिमय सञ्चिति बैशाख मसान्तमा ३७ खर्ब ४ अर्ब ५५ करोड पुगेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/०८३ को १० महिनाको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिले २०८२ असार मसान्तमा २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर थियो । यस अवधिमा कुल विदेशी विनिमय सञ्चिति ३८.३ प्रतिशत् वृद्धि भएको हो ।

अमेरिकी डलरमा यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा गत बैशाख मसान्तमा २४.० प्रतिशत् वृद्धि भइ २४ अर्ब १९ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ असार मसान्तमा २४ खर्ब १४ अर्ब ६४ करोड रहेकोमा २०८३ बैशाख मसान्तमा ३६.६ प्रतिशत् वृद्धि भइ ३२ खर्ब ९८ अर्ब ३८ करोड पुगेको छ ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा २ खर्ब ६३ अर्ब ४ करोड रहेकोमा २०८३ बैशाख मसान्तमा ५४.४ प्रतिशत् वद्धि भइ ४ खर्ब ६ अर्ब १७ करोड कायम भएको छ। २०८३ बैशाख मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २०.६ प्रतिशत् छ ।

आर्थिक वर्ष २०८२/०८३ को दश महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २२.६ महिनाको वस्तु आयात र १९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिएको जनाएको छ। २०८३ बैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमश: ६०.७ प्रतिशत्, १५९.७ प्रतिशत् र ४३.३ प्रतिशत् छन् । २०८२ असार मसान्तमा उक्त अनुपातहरु क्रमश: ४३.८ प्रतिशत्, १२८.१ प्रतिशत् र

# बक्यौता उठाउने समस्यामा भ्याट विरोधाभासपूर्ण

काठमाडौं/एकातिर खाना पकाउन प्रयोग हुने एलपी ग्यास आयातका लागिमात्र वार्षिक ५५ देखि ६५ अर्ब रकम बाहिरिने गरेको तथ्यांक छ भने अर्कातिर स्वदेशमा उत्पादित जलविद्युत् सस्तो दरमा निर्यातका लागि छिमेकी देश भारतलाई भनसुन गर्नुपर्ने विडम्बनापूर्ण अवस्था कायम छ ।

नेपाल विद्युत् प्राधिकरणको तथ्यांकअनुसार हिउँदका ३ महिना स्वदेशी उत्पादनले धान्न नसके पनि वर्षायामका करिब ४ महिना करिब १ हजार ३ सय मेगावाट् विद्युत् जगेडा हुने गरेको छ । हाल जुन रफ्तारमा विद्युत् उत्पादन वृद्धि भइ–रहेको छ, त्यसलाई विश्लेषण गर्दा १–२ वर्षभित्र हिउँदयाममा समेत विद्युत् जगेडा हुने अवस्था छ ।

त्यसैले स्वदेशमै उत्पादित जलविद्युत्ले एलपी ग्यास आयातलाई प्रतिस्थापन गर्न किन सकिएको छैन भन्ने प्रश्न ज्यादै टड्कारोरुपमा उठ्नु स्वभाविक हो ।

विशेषगरि प्रसारणलाइन तथा फिडरहरुको क्षमता वृद्धि गर्न नसकिएका कारण खाना पकाउन एलपी ग्यासको विकल्पमा विद्युत्को प्रयोग व्यापक हुन नसकेको प्राधिक–रणको भनाइ छ। एकातिर प्रसारण लाइन तथा फिडरहरुको क्षमता वृद्धि गर्न आर्थिक अभाव रहेको दाबी प्राधिकरणले गरिरहेको छ भने अर्कातिर वर्षौंदेखिको करिब ५० अर्ब बक्यौता महसुल उठ्न सकेको छैन ।

सरकारले हालै ल्याएको बजेटमा जलविद्युत् उपभोक्तामाथि लगाइएको भ्याटका सन्दर्भमा संसद्मा जवाफ दिँदै प्रधानमन्त्री वालेन्द्र शाहले भनेका छन्–एलपी ग्यासको विकल्पमा विद्युतीय चुलो प्रयोग गर्न सक्ने गरी प्रसारणलाइन तथा फिडरहरुको क्षमता वृद्धिका लागि आवश्यक रकमको जोहो गर्न भ्याट लगाइएको हो । एकातिर ठूलो रकम बक्यौता उठाउन समस्या देखिनु, अर्कातिर उपभोक्तामाथि भ्याट लगाइनु आफैंमा विरोधाभासपूर्ण छ ।

कुल बक्यौता ५० अर्बमध्ये विभिन्न उद्योगले तिर्नुपर्ने करिब २७ अर्ब र विभिन्न स्थानीय तहहरुले तिर्नुपर्ने १० अर्ब बक्यौताको समस्या विगत १ दशकदेखि निकै पेचिलो बनेको छ । विगतका ऊर्जामन्त्रीले जस्तै वर्तमान ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले पनि बक्यौता महसुल उठाउन तदारुकता देखाएका छन् । मन्त्री श्रेष्ठले देखाएको तदारुकता निश्चय नै सकारात्मक छ। तर, सकारात्मक नतिजा आउने सम्भावना भने न्यून छ । किनभने, विद्युत् प्राधिकरण तथा ऊर्जा मन्त्रालयको तदारुकतामात्र पर्याप्त नहुँदो रहेछ भन्ने कुरा अनुभवले देखाएको छ ।

जबसम्म सिंगो मन्त्रिपरिषद्ले यस समस्या समाधानका लागि प्रयास गर्दैन, तबसम्म ऊर्जा मन्त्रालयको सक्रियता भनेको ताप्के होइन, बिंडमात्र तातेजस्तो मात्रै हुने देखिएको छ ।

# दलितबस्तीमा कर्मकाण्ड गर्दा छुटे ५७५ यजमान

बैतडी/बैतडीको पाटन नगरपालिका–८, खोड्पे जसुलीखालीका पण्डित गणेशप्रसाद पन्तले दलित बस्तीमा कर्मकाण्ड गर्दा गैरदलित समुदायका पुर्ख्यौली यजमान छुटेको बताएका छन् । २७ वर्षदेखि दलित बस्तीमा कर्मकाण्ड गर्दै आएका पन्तले दलितबस्तीमा कर्मकाण्ड गर्न सुरु गरेपछि बुबाबाजेका पालादेखिका गैर दलित समुदायका पुर्ख्यौली ५ सय ७५ यजमान छुटेको बताएका हुन् ।

सांस्कृतिक कुरीति हटाउने अभियान सुरु गर्दा सामाजिकसञ्जाल मार्फत् आफूमाथि तुच्छ गालीगलौज समेत हुँदै आएको उनले सुनाए । उनले भने–मलाई सामाजिकसञ्जाल मार्फत् तुच्छ गाली गरे पनि म आफ्नो धर्म र कर्मबाट विचलित भएको छैन। प्रत्येक हिन्दुको घरघरमा वेद, पुराण, शालग्राम, तुलसीको मठ, शंखघण्ट र पाञ्चायन देवता स्थापना गराउने योजना रहेको उनले सुनाए । उनले भने–धर्मशास्त्रका आधारमा महिला र पुरुष दुईमात्र जात हुन्छन्, अन्य जात हुँदैन । सबै धार्मिक क्षेत्रहरुमा सबैका लागि समावेशी पूजापाठ हुनुपर्ने उनको माग छ ।

पण्डित पन्तले वैदिक विधिबाट दलितबस्तीमा सप्ताह, व्रतबन्ध, विवाह, न्वारन, वास्तुपूजा, गृहप्रवेश लगायत एक सयभन्दा बढी धार्मिक कर्मकाण्ड गरेर सांस्कृतिक कुरीति हटाउने अभियान थालेको बताएका छन्। कानुनले समेत अपराध मानेका कुरा धार्मिक अगुवाले हटाउनुपर्नेमा उनको जोड छ। 'सुदूरपश्चिममा हाल पनि ब्राह्मणले दलितबस्तीमा गएर न्वारन, विवाह, व्रतबन्ध गर्दैनन् । त्यतिमात्र होइन, चिहान घाटमा समेत जातीय विभेद हुने गरेकाले यस्ता कुरीति हटाउने अभियानमा म आफैं लागेको हुँ। दलितको घरमा धार्मिक कार्य गर्दै भोजन ग्रहणसमेत गर्दै आइरहेको छु। उनले भने–दलितहरुमा समेत विभेद छ। त्यो मलाई मन पर्दैन, यो गलत हो। हटाउनुपर्छ, एक दलित समुदायले अर्को दलित समुदायले पानी–भान्सा नचल्ने गरेको देखेको छु ।

दलितबस्तीमा धार्मिक कुरीति हटाउन पन्तले हालसम्म ३७ वटा सप्ताह, २३ वटा शिवपुराण, २ सय ८७ वटा लघुरुद्राभिषेक, १ सय ८१ महारुद्राभिषेक, न्वारन, व्रतबन्ध, विवाह, ६ सय ७५ सत्यनारायण पूजन, ५ सय ८३ ग्रहशान्ति, २९ शत्चण्डी, ५५ अखण्ड रामायण लगायत ४ सय एघार बढी कर्मकाण्ड गरिसकेको बताए ।

# फिटिङरूममा किन हुन्छ ढल्केको ऐना ?

काठमाडौं/कपडा पसलहरुको फिटिङरुममा खुद्रा मनोविज्ञान (ग्राहकलाई आकर्षित गर्न ऐना र प्रकाशको चलाखीपूर्ण प्रयोग) हुने गरेको छ । फेसन स्टोरहरुले ग्राहकहरूलाई लुगा किनाउन फिटिङरुम (कपडा फेर्ने कोठा) मा खुद्रा मनोविज्ञान र विशेष डिजाइन प्रविधिहरुको सूक्ष्म प्रयोग गर्ने गर्दछन् ।

अनुसन्धानहरुका अनुसार ग्राहकहरुले कपडा साट्दा आफूलाई ऐनामा आकर्षक र आत्मविश्वासी महसुस गरे उक्त लुगा किन्ने सम्भावना निकै उच्च हुन्छ । यसकारण, कतिपय पसलहरुले थोरै घुमाउरो वा ढल्केको ऐना प्रयोग गर्छन्, जसले मानिसको प्रतिबिम्बलाई साबिकभन्दा अग्लो र पातलो देखाउँछ ।

छाया कम गर्ने ओभरहेड लाइटिङ, छालालाई चिल्लो देखाउने न्यानो प्रकाश, भित्ताको रङ र भुइँको कोणलाई यसरी मिलाइन्छ कि, ग्राहकले ऐनामा हेर्दा आफ्नो शरीरको बनावट अझ सुन्दर देख्छन् र सामान खरिद गर्न तयार हुन्छन् ।

# कस्तो थियो कालापानी जेल ?

काठमाडौं/इतिहासमा हामीले कयौं कडा र क्रुर जेलबारे सुनेका छौं । तर, १९ औं शताब्दीको अन्त्यतिर ब्रिटिस सरकारले राजनीतिक बन्दी र स्वतन्त्रता सेनानीहरुलाई मानसिक र शारीरिक रुपमा जिउँदै मार्नका लागि एउटा यस्तो जेल बनायो, जहाँ मृत्यु पाउनु पनि सबभन्दा ठूलो सौभाग्य मानिन्थ्यो। यसलाई भनिन्थ्यो–सेलुलर जेल । जुन आमजनमानसमा कालापानीको नामले कुख्यात छ ।

सन् १८९६ मा निर्माण सुरु भएर १९०६ मा सम्पन्न भएको विशाल जेलको बनावट अक्टोपसको खुट्टाजस्तै ७ वटा शाखाहरुमा फैलिएको थियो, जसको बीचमा एउटा ठूलो वाचटावर थियो। जेलमा ६ सय ९३ कोठा थिए । हरेक कोठामात्र १३.५७ फिटको हुन्थ्यो । जेलको डिजाइन यति चलाखीपूर्वक गरिएको थियो कि एउटा कोठाको कैदीले अर्को कोठाको कैदीलाई कहिल्यै देख्न वा बोल्न सक्दैनथ्यो । कैदीहरु वर्षौंसम्म केवल आफ्नै कोठाको पर्खाल हेरेर बस्न बाध्य हुन्थे, जसका कारण धेरैले आफ्नो मानसिक सन्तुलन गुमाउँथे ।

कालापानी पुगेका कैदीहरुलाई दिइने शारीरिक यातना सुन्दा पनि मुटु काँप्छ । कैदीहरुलाई गोरु र राँगा जस्तै गरी तेल निकाल्ने कोलमा जोतिन्थ्यो। दिनभरमा प्रत्येक कैदीले कम्तिमा ३० पाउण्ड नरिवलको तेल निकाल्नुपर्थ्यो। यदि तोकिएको काम पूरा भएन भने उनीहरुलाई कोर्राले छाला काटिने गरी पिटिन्थ्यो र हत्कडी लगाएर भोकै राखिन्थ्यो । कोठाभित्र दिसापिसाब गर्नका लागि एउटा सानो माटोको भाँडोमात्र दिइन्थ्यो । रातको समयमा बाहिर शौचालय जान कडा मनाही थियो ।

जेलका जेलर डेभिड ब्यारी इतिहासकै सबभन्दा क्रुर अधिकारी मानिन्छन्। उनले कैदीहरुलाई पहिलो दिनमै भन्ने गर्थे–ईश्वर केवल स्वर्गमा छन्। तर, यहाँ (कालापानी) मा ईश्वर र राजा जे भने पनि म नै हुँ । बिरामी परेका कैदीहरुलाई औषधि दिनुको साटो झन् बढी यातना दिइन्थ्यो । कयौं कैदीहरुले कडा सास्ती सहन नसकेर जेलको पर्खालमा टाउको ठोक्काएर वा आत्महत्या गरेर ज्यान फाले । मर्नेहरुको लासलाई बेलायतीहरुले खुट्टामा ढुंगा बाँधेर सीधै समुद्रको बीचमा फालिदिन्थे ।

उक्त जेल मुख्यरुपमा भारतका स्वतन्त्रता सेनानीहरुलाई थुन्न प्रयोग गरिए पनि वि.सं १९१० को दशकतिर नेपालमा राणाशासन र भारतमा बेलायती शासनविरुद्ध विद्रोह गर्ने कतिपय क्रान्तिकारीहरुलाई पनि उक्त टापुको कडा निगरानीमा राख्ने भुराजनीतिक रणनीति बुनिएको थियो। कालापानी जानु भन्ने उखान नेपाली समाजमा हाल पनि देशनिकाला वा सबभन्दा कडा सजाय पाउनुको प्रतीकका रुपमा जीवित छ ।

हाल हामी जुन स्वतन्त्रता र लोकतन्त्रमा बाँचिरहेका छौं, यसको जगपछाडि हाम्रा पुर्खाको योगदान हो ।

# २० दिनपछि सर्वोच्च फर्किइन् सपना



काठमाडौं/प्रधानन्यायाधीश नियुक्तिपछि २० दिन लामो बिदामा बसेकी सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधानमल्ल इजलास फर्किएकी छन् । सोमबार सर्वोच्च अदालतमा हाजिर भएकी मल्लले मुद्धाको सुनाइसमेत थालेकी छन् । सोमबार न्यायाधीश मल्लका दुई वटा इजलास तोकिएको थियो ।

मल्लको एकल इजलास र न्यायाधीश मेघराज पोखरेलसँग संयुक्त इजलाससमेत छ ।

सरकारले मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश नियुक्त गरेपछि भोलिपल्ट उनी बिदामा बसेकी थिइन् ।

## पाठक प्रतिक्रिया

### बुद्धचोकको सर–सफाई कसले हेर्ने ?

केहि दिनअघि सम्पन्न भएको विश्व वातावरण दिवसमा सहभागि भईरहदा, हेटौंडा बजारको मुख्य भाग बुद्धचोक खुल्ला फुटपाथको अवस्था भने हेरि नसक्नु देखिन्थ्यो । हरेक दिन बिहानको शान्त शितल परिवेशमा त्यहाँ स्वदेशी र विदेशी कामदार, श्रमिकहरुको कोलाहलपूर्ण उपस्थितिको हो हल्ला र भद्दा गतिविधिहरुले बजारको शान्त र सौम्य बातावरणलाई विरूप/कुरूप बनाई रहेको छ ।

त्यहा गुटखा र पान सुपारी खाएर थुक्ने, प्लाष्टिक, प्लाष्टिकका खोलहरू जतातते फयांक्ने, आदि अशोभनीय क्रियाकलापले गर्दा हाम्रो सहरको सौन्दर्य अनि पर्याव–रण नै बिटुलिई रहेको छ। केहि समयअघि त्यहा उपस्थित हुने श्रमिक कामदारहरूलाई अन्यत्र स्थानान्तरण गरेर व्यवस्थापन गरिएको भएता पनि हाल किन फेरि पुरानै गतिविधिहरु दोहोरिइ रहेको छ ? यसमा हेटौडा उपमहानगरपालिकाले तत्कालै आवश्यक कदम चाल्नु अपरिहार्य देखिन्छ। अन्यथा भविष्यमा यसले विकराल समस्या उत्पन्न हुन सक्ने संभावना देखिन्छ ।

एउटा सकारात्मक जनसरोकार कार्यको सुरुवातले सहरको सर सफाई, पर्यावरण चेतना, सुन्दरता अनि उपमहानगरबासीको स्वास्थ प्रति सचेतना फैलाउने अभियान को थालनी गर्दा सम्बन्धित पक्षलाई उचित व्यवस्थापन गरि तत्कालै अन्यत्र स्थानान्तरण गराउनु अनिबार्य भइसकेको छ ।

संधै सबै पक्षलाई चित्त बुझाएर खुसी राख्दछु भन्ने प्रयास मात्र भईरह्यो भने सकारात्मक र उपलब्धीमुलक कार्यको सुरूवात कहिल्यै पनि हुन सक्दैन ।
सबैलाई चेतना भयाँ

**ओकिलराज बानियाँ**
पुष्पमार्ग, हेटौडा


थाहा नगरपालिका वडा नं. १ शंखेलस्थित सानुकाजी गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपालीको क्रमश कि.नं. ९१९, ९२० र ९२१ को नीजि जग्गाहरुबाट ढुंगा र माटोजन्य पदार्थको उत्खनन्, ब्यवस्थापन गरी निर्यात गर्ने।

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धि सार्वजनिक सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०८३/२/२८ गते)*

बागमती प्रदेश, थाहा नगरपालिका वडा नं.१ शंखेलस्थित सानुकाजी गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपालीको क्रमश कि.नं. ९१९, ९२० र ९२१ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | सानुकाजि गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपाली<br>थाहा नगरपालिका–१ शंखेल<br>फोन नं.: ९८५५०७०९४६ |
| प्रस्तावको व्यहोरा | थाहा नगरपालिका, वडा नं. १ को शंखेलस्थित सानुकाजी गोपाली, गोबिन्द गोपाली र दिपेन्द्र गोपालीको क्रमश: कि.नं. ९१९, ९२० र ९२१ को नीजि जग्गाहरुबाट ढुंगा र माटोजन्य पदार्थको उत्खनन्,ब्यवस्थापन गरी निर्यात गर्नु हो। |
| प्रभाव पर्न सक्ने जिल्ला/गापा/वडा | मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं. १ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :
१. थाहा नगरपालिका १ नं. वडा कार्यालय
२. सम्पर्क ब्यक्ति : सानुकाजी गोपाली। फोन नं.: ९८५५०७०९४६

**परामर्शदाताको नाम र ठेगाना** :
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा–१ मकवानपुर। सम्पर्क : मो: ९८४०९८३४३३
Email: advanceresearchconsult@gmail.com



थाहा नगरपालिका वडा नं. ५ खोलाघारीस्थित बिष्णुबहादुर गुरुङको कित्ता नं. १२७९, १२२८,१२८८ र २९०५ र ऐऐ वडा खोपीगैरास्थित ठूलीकान्छी गुरुङको कि.न. १३१३ को जग्गाहरुबाट बालुवा उत्खनन् तथा प्रशोधन गरी बिक्री बितरण गर्ने।

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धि सार्वजनिक सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०८३/२/२८ गते)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, थाहा नगरपालिका–५ खोलाघारीस्थित बिष्णुबहादुर गुरुङको कि.न १२७९,१२२८,१२८८,२९०५ र ऐऐ वडास्थित ठूलीकान्छी गुरुङको खोपीगैराको कि नं.१३१३ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | श्री बिराज माटो उत्खनन् तथा ब्यवस्थापन र निर्यात फर्म<br>थाहा नगरपालिका–५, मकवानपुर<br>बिष्णुबहादुर गुरुङ फोन नं.: ९८४५७९५५२७ |
| प्रस्तावको व्यहोरा | बागमती प्रदेश, मकवानपुर जिल्ला, थाहा नगरपालिका–५ खोलाघारीस्थित बिष्णुबहादुर गुरुङको कित्ता नं. १२७९, १२२८,१२८८, २९०५ र ऐऐ वडा खोपीगैरास्थित ठूलीकान्छी गुरुङको कि.नं. १३१३ को नीजि जग्गामा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/गापा/वडा | मकवानपुर जिल्ला, थाहा नगरपालिका, वडा नं. ५ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय/सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय/सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :
१. थाहा नगरपालिका ५ नं. वडा कार्यालय
२. सम्पर्क ब्यक्ति : बिष्णुबहादुर गुरुङ फोन नं.: ९८४५७९५५२७

**परामर्शदाताको नाम र ठेगाना** :
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा–१ मकवानपुर। सम्पर्क : (मो) ९८४०९८३४३३
Email:advanceresearchconsult@gmail.com



थाहा नगरपालिका, वडा नं. ४ स्थित लिलाबहादुर तामाङको कित्ता नं. २४ र २६ को जग्गाहरुबाट बालुवा उत्खनन् तथा प्रशोधन गरी बिक्री बितरण गर्ने।

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीसम्बन्धि सार्वजनिक सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०८३/२/२८ गते)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, थाहा नगरपालिका–४ फुस्रोमाटोस्थित लिलाबहादुर तामाङको कि. न.२४ र २६ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | श्री गोरखनाथ बालुवा प्रशोधन केन्द्र प्रा.लि.<br>नागार्जुन नपा–१०, काठमाडौं<br>सन्तोष बिष्ट फोन नं.: ९८५१११८२९५ |
| प्रस्तावको व्यहोरा | बागमती प्रदेश, मकवानपुर जिल्ला, थाहा नगरपालिका–४ फुस्रोमाटोस्थित लिलाबहादुर तामाङको कित्ता नं. २४ र २६ को नीजि जग्गाहरुमा निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/गापा/वडा | मकवानपुर जिल्ला, थाहा नगरपालिका, वडा नं. ४ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना :
१. थाहा नगरपालिका ४ नं. वडा कार्यालय
२. सम्पर्क ब्यक्ति : सन्तोष बिष्ट फोन नं.: ९८५१११८२९५


**परामर्शदाताको नाम र ठेगाना** :
३. एडभान्स रिसर्च एण्ड कन्सल्टेन्सी प्रा.लि.
हेटौंडा–१ मकवानपुर। सम्पर्क : मो: ९८४०९८३४३३
Email: advanceresearchconsult@gmail.com











आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
**सम्पर्क नं.: ९८४५०१२५८०, ९८४५०३१३४७**

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष



# न्यु हेटौंडा प्रसारणलाइन शुरु

सन्देश संवाददाता

हेटौंडा/मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिले बुधबार मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजनाअन्तर्गत् रातमाटे सबस्टेशन र नयाँ दमौली सबस्टेशन तथा २ सय ९७ किलो मिटर लामो विद्युत् प्रसारणलाइन निर्माण कार्य औपचारिकरुपमा थालनी गरेको छ।



संयुक्त राज्य अमेरिकाबाट प्राप्त ५५ करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १९.७० करोड अमेरिकी डलर लगानीमा भइरहेको ऐतिहासिक साझेदारीले अन्तर्राष्ट्रियस्तरको विद्युत्प्रसारण पूर्वाधार निर्माण र महत्वपूर्ण सडक सञ्जालको स्तरोन्नति कार्य गरिरहेको छ। नेपाल सरकारका वरिष्ठ अधिकारीहरु, एमसीसी तथा अमेरिकी दुतावासका प्रतिनिधिहरु, विकास साझेदारहरु, निर्माण व्यवसायीहरु, स्थानीय सरोकारवालालगायतको सामुदायिक अगुवाहरुको सहभागितामा उक्त कार्य सुरुआत भएको हो।

नेपाल र संयुक्त राज्य अमेरिकाको संयुक्त लगानी रहेको एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमको विद्युत्प्रसारण आयोजनाअन्तर्गत् तीन वटा उच्च क्षमतायुक्त ४ सय केभी सबस्टेसन तथा ३ सय १५ किलोमिटर प्रसारणलाइन निर्माण हुँदैछ। यस पूर्वाधारले नेपालको राष्ट्रिय विद्युत् ग्रीडलाई सदृढ पार्नुका साथै प्रसारण अवरोध न्यूनीकरण गर्नेछ। घरपरिवार र व्यवसायका लागि विद्युत् आपूर्तिको भरपर्दोपनामा सुधार गर्नेछ भने क्षेत्रीय विद्युत् बजारमा नेपालको बृहत् सहभागिता गराउन सघाउने विश्वास लिइएको छ।

बुधबार शिलान्यास गरिएको २ सय ९७ किमी लामो प्रसारणलाइन सञ्जालमा लप्सीफेदी–रातमाटे–न्यु हेटौंडा प्रसारणलाइन खण्ड, रातमाटे–न्यु दमौली प्रसारणलाइन खण्ड र न्यु दमौली–न्यु बुटवल प्रसारणलाइन खण्ड छन्। 'नेपाल सरकारले यस आयोजनालाई देशको आर्थिक भविष्यका लागि गरिएको महत्वपूर्ण लगानीका रुपमा आत्मसात् गरेको छ,' नेपाल सरकारका अर्थ सचिव तथा एमसीए–नेपाल सञ्चालक समिति अध्यक्ष डा. घनश्याम उपाध्यायले भने। उनले थपे–ऊर्जा सुरक्षा सुनिश्चित गर्न, लगानी र औद्योगिक विस्तार प्रवर्द्धन गर्न र नेपालको ऊर्जा सम्भाव्यताबाट अधिकतम् लाभ प्राप्त गर्न विद्युत् प्रसारण पूर्वाधारलाई सुदृढ पार्नु आवश्यक छ।

नेपालका लागि अमेरिकी कार्यवाहक राजदुत स्कट अर्बमले नेपालसँग संयुक्त राज्य अमेरिकाको लामो समयदेखिको साझेदारी र एमसीसी नेपाल कम्प्याक्टप्रतिको प्रतिबद्धतालाई पुनः पुष्टि गर्दै भने–यस कम्प्याक्टमार्फत् हामी नेपालको ऊर्जा भविष्यको मेरुदण्ड निर्माण गर्दैछौं। भरपर्दो बिजुली देशका कुनाकुनाका साथै सीमापारसमेत प्रवाहित हुनेछ। घरपरिवारका लागि यसको अर्थ निरन्तर बल्ने बिजुली हुनेछ भने कारखाना तथा कृषिका लागि यसको अर्थ उत्पादन अभिवृद्धिका लागि ऊर्जाको अनवरत् उपलब्धता हुनेछ। नेपाली व्यवसायहरुको विस्तारका लागि यसले नयाँ क्षितिजहरु उघार्नेछ।

एमसीसी आवासीय राष्ट्रिय निर्देशक डायन फ्रान्सिस्कोले नेपालको आर्थिक वृद्धि र क्षेत्रीय ऊर्जा एकीकरणको दीर्घकालीन महत्वमाथि जोड दिँदै भने–यी लगानीले घरपरिवार, व्यवसाय र उद्योगका लागि भरपर्दो बिजुली आपूर्ति गर्न आवश्यक प्रसारण प्रणालीलाई सुदृढ बनाएर नेपालको ऊर्जाक्षेत्रको पूर्ण सम्भाव्यता उपयोग गर्न मद्धत गर्नेछ। एमसीसी यस रुपान्तरणकारी पूर्वाधार निर्माण पहलमा नेपालसँग साझेदारी गर्न पाउँदा गौरवान्वित छ।

समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यवाहक कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले भने–एमसीसी नेपाल कम्प्याक्टअन्तर्गत् निर्माण भइरहेका पूर्वाधार कुनै छुट्टै प्रणाली नभइ नेपालको राष्ट्रिय प्रसारण सञ्जालकै महत्वपूर्ण विस्तार हुन्। एमसीए–नेपाल कार्यकारी निर्देशक खड्गबहादुर बिष्टले भने–नेपालको ऊर्जा पूर्वाधार विकासका सन्दर्भमा एउटा कोसेढुंगाका रुपमा स्थापित हुँदैछ। निर्माणाधीन सशक्त, थप भरपर्दो र नवीन विद्युत्प्रसारण सञ्जालले नेपालीलाई लामो समयसम्म लाभान्वित गर्नेछ भने नेपाललाई क्षेत्रीय ऊर्जा बजारमा एक प्रमुख पक्षका रुपमा स्थापित गर्नेछ। उनले यस आयोजनाले विद्युत् प्रसारण अवरोधहरु न्यूनीकरण गर्नुका साथै नेपाल र यस क्षेत्रबीचको सन्निकटतामा वृद्धि गर्ने पनि उल्लेख गरे।

सबस्टेसन तथा प्रसारणलाइन निर्माण कार्यमा चार निर्माण कम्पनी सलग्न छन्। टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडले रातमाटे र न्यु दमौली सबस्टेसन निर्माण गर्दैछ भने आशीष–बोझ्लर संयुक्त उपक्रमले १ सय १७ किमी लामो लप्सीफेदी–रातमाटे–न्यु हेटौंडा प्रसारणलाइन खण्ड र एञ्जेलिक–स्किपर संयुक्त उपक्रमले ९० किमी लामो रातमाटे–न्यु दमौली प्रसारण लाइन खण्ड र वाइबा–सालसर संयुक्त उपक्रमले ९० किमी लामो न्यु दमौली–न्यु बुटवल प्रसारणलाइन खण्ड निर्माण गर्दैछन्। निर्माण सम्पन्न भएपछि रातमाटे सबस्टेसन र न्यु दमौली सबस्टेसन नेपालका सबभन्दा ठूला उच्च–भोल्टेज क्षमताका सबस्टेसनमध्ये हुनेछन्। यी सबस्टेसन तथा प्रसारणलाइन पूर्वाधारले नेपालको विद्युत् प्रसारणसञ्जाललाई सदृढ बनाउनुका साथै दीर्घकालीन ऊर्जा मागलाई सम्बोधन गर्न र आर्थिक वृद्धिलाई तीव्रता दिन सहयोग मिल्नेछ।

## रास्वपा . .

बुधबार विहान पनि निर्वाचन कार्यतालिकाअनुसार मतदान हुन नसकेपाछि विहान ८ बजेसम्म निर्वाचन कार्यक्रम स्थगित गरिएको थियो।

रास्वपा बागमती प्रदेशको सदस्यका लागि ८८ जनाको उम्मेद्वारी परेको छ। निर्वाचन समितिले खुला सदस्य, समावेशी (दलित, महिला, अल्पसंख्यक) र विभिन्न निर्वाचन क्षेत्रका आधारमा उम्मेद्वारहरुको वर्गीकरण गरेको छ।

सदस्यका लागि काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, रसुवा, दोलखा, सिन्धुली र रामेछाप जिल्लाका प्रतिनिधिहरु चुनावी मैदानमा उत्रिएका छन्।

रास्वपा बागमती प्रदेशका १३ जिल्लामध्ये १२ जिल्लामा प्रथम जिल्ला अधिवेशन सम्पन्न भइ नयाँ नेतृत्व चयन भएको छ।

आगामी असार ७, ८ र ९ गते चितवनमा हुने पार्टीको पहिलो महाधिवेशनअघि बागमती प्रदेशका अधिकांश जिल्लामा नेतृत्व चयन प्रक्रिया टुंगिएको हो। सिन्धुपाल्चोकमा भने अधिवेशन सुरु भए पनि नेतृत्व चयन प्रक्रिया स्थगित गरिएको छ।

## बर्डफ्लु नियन्त्रण गर्न 'द्रुत कार्य टोली'

भरतपुर/सरकारले बर्डफ्लु प्रभावित क्षेत्रमा रोग नियन्त्रण र अन्यत्र फैलिन नदिन आकस्मिक कार्य सुरू गरेको छ। पशुसेवा विभागका महानिर्देशक डा उमेश दाहालले रोग पुष्टि भएका १० जिल्लामा ७२ फार्मका करिब पाँच लाख १५ हजार पन्छी नष्ट गरिएको जानकारी दिए। सबैभन्दा बढी लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा बढी प्रभावित देखिएका छन्।

सरकारको निर्देशनअनुसार खटिएको 'द्रुत कार्य टोली' ले सात लाख अण्डा र एक सय ८३ टन दाना पनि नष्ट गरेको उनले बताए। दाहालका अनुसार केही सातअघि झापा, मोरङ, सुनसरी जिल्लामा देखिएको बर्डफ्लुपछि महोत्तरी, बारा, चितवन हुँदैपछि काठमाडौं, भक्तपुर, ललितपुर र पछिल्लो समय नवल परासी जिल्लामा बर्डफ्लु फैलिएको छ। 'यसको उपचार नै छैन।

एकमात्र उपाय रोग देखिनासाथ जतिसक्दो छिटो नियन्त्रण गरेर फैलन नदिनु हो। त्यसैले पन्छीजन्य उत्पादन नष्ट गर्नुको विकल्प छैन। त्यसैले रोग नियन्त्रणका लागि पशु चिकित्सक र पशु स्वास्थ्यकर्मी अहोरात्र खटिएका छन्' उनले भने।

## १२ करोडचोरी गर्ने नेपाली पक्राउ



हैदराबाद/भारतको तेलंगाना राज्यमा एक सम्पन्न परिवारको घरबाट करिब १२ करोड भारतीय रुपैयाँ बराबरको सुन-चाँदी र नगद रकम चोरी गरी नेपालतर्फ भाग्दै गरेका तीन नेपाली नागरिक उत्तर प्रदेशको रामपुर जिल्लामा पक्राउ परेका छन्।

पक्राउ पर्नेमा पति कमल, पत्नी विमला र सालि कल्पना रहेको भारतीय प्रहरीले जनाएको छ। उनीहरूको थर तथा नेपालको स्थायी ठेगाना भने अहिलेसम्म सार्वजनिक गरिएको छैन।

**कामदारको भेषमा चोरी :**

यो घटना तेलंगानाको साइबराबाद कमिश्नरेटअन्तर्गत गाचीबाउली क्षेत्रको एक घरमा भएको हो। उक्त तीनै जना त्यस घरमा कामदारका रूपमा काम गर्दै आएका थिए। शुरुवाती दिनहरूमा उनीहरूको व्यवहार सामान्य र विश्वासिलो देखिएकाले घरधनी परिवारले पूर्ण भरोसा गरेका थिए।

तर क्रमशः उनीहरूले घरको दैनिक गतिविधि र सुरक्षा अवस्थाबारे सूक्ष्म अध्ययन गर्दै गए। अन्ततः घरधनी परिवार बाहिर गएको मौका छोपी ७ किलो सुन, १ किलो चाँदी र करिब २५ हजार भारतीय रुपैयाँ नगद चोरी गरी फरार भएको आरोप उनीहरू माथि लगाइएको छ।

**संयुक्त अपरेशनमा पक्राउ :**

चोरीको सूचना पाएलगत्तै तेलंगाना र उत्तर प्रदेश प्रहरीले संयुक्त अपरेशन सञ्चालन गऱ्यो। नेपाल-भारत सीमातर्फ भाग्दै गरेको अवस्थामा रामपुरमा चेकिङका क्रममा तीनैलाई नियन्त्रणमा लिइएको रामपुर प्रहरी प्रमुख सोमेंद्र मीणाले जानकारी दिए। पक्राउ पछिको खानतलासीमा चोरी गरिएको सम्पूर्ण सामान बरामद भएको प्रहरीले बताएको छ।

**नेपाल प्रहरीसँग समन्वय हुने :**

रामपुर प्रहरी प्रमुख मीणाका अनुसार अन्य सम्भावित संलग्न व्यक्तिहरूको खोजी र अनुसन्धान अझै जारी छ। साथै पक्राउ परेकाहरूको आपराधिक पृष्ठभूमि खुलाउन नेपाल प्रहरीसँग पनि समन्वय गरिने भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

## मकवानपुरको महिला फुटबल टोली घोषणा

हेटौंडा/आगामी असार १ गतेदेखि सुरु हुने लागेको तेस्रो संस्करणको बागमती प्रदेश खेलकुद प्रतियोगिताका लागि मकवानपुरमा टोली घोषणा गरिएको छ।

एन्फा मकवानपुरको महिला फुटबल टिमका प्रमुख प्रशिक्षक समेत रहेका हेटौंडा फुटबल एकेडेमीका संस्थापक अध्यक्ष तथा प्रशिक्षक भीम लामाले १८ जना महिला फुटबल टोलीको नाम सार्वजानिक गरेका हुन्। सोमबार सार्वजानिक गरिएको महिला टोलीको सूची अनुसार अन्तर्राष्ट्रियस्तरको साफ च्याम्पियनसीप फुटबलमा सहभागी भएकी सजिना स्याङ्तानको कप्तानीमा टोलीको घोषणा गरिएको छ।

महिलातर्फको फुटबलमा मकवानपुर स्वर्ण पदक जित्ने लक्ष्यसहितको योजना बनाइएको प्रशिक्षक भीम लामाले बताए। प्रदेश खेलकुदको मिति सार्वजानिक भएदेखि महिला टिमलाई त्यस अनुरुपको प्रशिक्षक गराइरहेको छ। महिला फुटबल प्रतियोगिता हेटौंडा-५,स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ। फुटबल प्रतियोगितामा मकवानपुरको तर्फबाट टिम म्यानेजरको भूमिक किशन दासले निर्वाह गर्नेछन्।

मकवानपुरमा कप्तान सजिना स्याङ्तान, खुशी थिङ, मनमाया मोक्तान, प्रिन्सीका वाइबा, गोलरक्षक रितु पण्डित, प्रिन्सीका वाइबा, कृष्मा बोलन,स्वेच्छा गोपाली, संध्या कार्की, लामीन बोम्जन, लक्ष्मी लामा र जलसा घिमिरे रहेकी छिन्। यस्तै, जलसा घिमिरे, सरिता तामाङ, सरिता तामाङ, संस्कृति बानियाँ, सुनाम पाखिन, सलिना तामाङ,कोपिला लामा, श्रीजना सिङताङ र सम्वृद्धि लामा रहेका छन्।

यस अघि नै प्रदेशले खेलकुद प्रतियोगिता २४ गतेदेखि २७ गतेसम्म गर्ने भनेर नियम तय गरे पनि स्थगित गरेर नयाँ मिति सार्वजानिक गरिएको हो।

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं :**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनीरूपमा मान्य बिल बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पशुपालन र मल उत्पादनमार्फत् आत्मनिर्भरताको उदाहरण



एमपी शर्मा

हेटौंडा/कृषि र पशुपालनलाई केवल जीविकोपार्जनको माध्यममात्र होइन, सम्मानजनक व्यवसायका रुपमा स्थापित गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् मकवानपुरगढी गाउँपालिका–३, मक्राञ्चुलीका टंकप्रसाद ढुंगेल। भैंसीपालन र प्रांगारिक मल उत्पादनलाई एकसाथ अघि बढाउँदै आएका ढुंगेलले ग्रामीण क्षेत्रमा पनि मेहनत, लगनशीलता र दुरदृष्टि भए सफल व्यवसाय गर्न सकिन्छ भन्ने सन्देश दिएका छन्।

२०७६ सालमा स्थापना गरिएको हजुरको बहुउद्धेश्यीय पशु तथा कृषि फार्म हाल मकवानपुरगढीको नमुना भैंसीपालन उद्यमका रुपमा परिचित बन्दै गएको छ। करिब एक करोड लगानीमा सञ्चालन भइरहेको फार्ममा हाल सानाठूला गरी ३५ वटा भैंसी छन्। तीमध्ये १७ वटा भैंसीले दैनिक करिब १ सय ३० लिटर दूध दिइरहेका छन्। केही भैंसी ब्याउने चरणमा रहेकाले उत्पादन केही घटेको भए पनि व्यवसाय निरन्तर विस्तारको क्रममा रहेको छ।

ढुंगेलले उत्पादन गरेको दूध आफ्नै बजारस्थित पसल, खुवा पसल तथा मनकामना दूध उत्पादन सहकारी संस्थामार्फत् बिक्री गर्दै आएका छन्। उनले प्रतिलिटर १ सय १० रुपियाँका दरले दूध बिक्री गर्दै आएका छन्। उत्पादनदेखि बजारीकरणसम्मको अधिकांश जिम्मेवारी उनी आफैं सम्हाल्ने गरेका छन्। गाउँघरमा अधिकांश किसान गाईपालनतर्फ आकर्षित भइरहेका बेला ढुंगेलले भने भैंसीपालन रोजे। उनको अनुभवमा गाईभन्दा भैंसीपालन तुलनात्मकरुपमा सहज र लाभदायक छ। व्यवसायमा उनकी पत्नी र एक छोराले पूर्णसाथ दिएका छन्। सवेरैदेखि साँझसम्म परिवारका सबै सदस्यहरु भैंसी गोठको स्याहारसुसार, दूध दुहूनेदेखि बजारसम्म पुऱ्याउने काममा व्यस्त रहन्छन्। परिवारको यही मेहनतले फार्मलाई सफलताको उचाईतर्फ डोऱ्याइरहेको छ।

मेहनतअनुसार आम्दानी सन्तोषजनक भए पनि ऋणलगानीमा व्यवसाय विस्तार गरेका कारण आर्थिक दायित्वले बेलाबेलामा दबाब सिर्जना गर्ने गरेको ढुंगेल बताउँछन्। तर, चुनौतीबीच पनि उनी निराश छैनन्। बरु, पशुपालनसँगै थप सम्भावना खोज्दै उनले भैंसीको मलमूत्रलाई उपयोग गरेर प्रांगारिक मल उत्पादन उद्योगसमेत सञ्चालन गरेका छन्।

करिब २० लाख लगानीमा स्थापना गरिएको उद्योगका लागि ज्ञानकेन्द्रबाट मेसिन खरिदमा ६ लाख अनुदान प्राप्त भएको थियो भने बाँकी रकम उनको आफ्नै लगानी हो। उद्योगबाट उत्पादन भएको प्रांगारिक मल मकवानपुरगढीसहित आसपासका किसानसम्म पुग्न थालेको छ। उनले प्रतिबोरा ५ सयका दरले मल बिक्री गरिरहेका छन् भने हेटौंडा सानोपोखरा म्मा रहेको पसलबाट प्रतिकिलो २० रुपियाँका दरले खुद्रा बिक्रीसमेत गर्दै आएका छन्।

तर, उद्योग सञ्चालनमा एउटा गम्भीर समस्या छ–विद्युत् भोल्टेजको अभाव। उद्योगसम्म पुग्ने विद्युत् आपूर्ति कमजोर भएकाले मेसिन नियमित सञ्चालन गर्न कठिन हुने गरेको उनको गुनासो छ। करिब १ सय ३० मिटर टाढाबाट कालो तार तानेर मिटर बक्स राख्नुपरेको छ। 'थप चार वटा पोल विस्तार भयो भने नजिकबाट विद्युत् जडान गर्न सकिन्थ्यो,' उनी भन्छन्। यदि पर्याप्त भोल्टेज उपलब्ध हुने हो भने उद्योगलाई थप विस्तार गरी डीएपी कम्पोष्ट मल उत्पादनमा समेत जाने योजना रहेको उनको भनाइ छ।

ढुंगेलका अनुसार किसानहरुले अझै पनि प्रांगारिक मलको महत्व पूर्णरुपमा बुझ्न सकेका छैनन्। रासायनिक मलको तुलनामा प्रांगारिक मलले माटोलाई खुकुलो बनाउने, उर्वराशक्ति बढाउने र एकपटक प्रयोग गर्दा दुई बालीसम्म लाभ दिने भएकाले यसको प्रयोग बढाउनुपर्ने आवश्यकता रहेको उनी बताउँछन्। विशेषगरि पछिल्लो समय मकवानपुर गढी क्षेत्रमा विस्तार हुँदै गएको ड्रागनखेतीका लागि उक्त मल अत्यन्त उपयोगी हुने उनको दाबी छ। प्रांगारिक मलको प्रभावबारे किसानलाई जानकारी गराउन उनले इच्छुक किसानलाई १ बोरासम्म मल निःशुल्क उपलब्ध गराउने घोषणासमेत गरेका छन्।

व्यवसायलाई अझ व्यवस्थित बनाउन स्थानीय सरकारको सहयोग आवश्यक रहेको ढुंगेलको भनाइ छ। फार्मसम्म पुग्ने सडक स्तरोन्नति, उद्योग क्षेत्रसम्म स्ल्याब ढलान तथा विद्युत् संरचना सुधार भए व्यवसाय सञ्चालनमा ठूलो सहजता हुने उनी बताउँछन्। स्थानीय जनप्रतिनिधि र सरकारी निकायले समयसमयमा फार्मको अनुगमन गरी हौसला प्रदान गरे किसानमा थप ऊर्जा र उत्साह जाग्ने उनको विश्वास छ।

सरकारले किसानका पक्षमा अपेक्षितरुपमा काम गर्न नसकेको अनुभव सुनाउँदै ढुंगेल कृषिमा आधारित अर्थतन्त्र निर्माणका लागि विशेष नीतिगत् व्यवस्था आवश्यक रहेको बताउँछन्। किसानलाई शून्य प्रतिशत् ब्याजदरमा ऋण उपलब्ध गराउने, पशुबीमाको व्यवस्था सरकारले नै सुनिश्चित गर्ने र उत्पादनमुखी कृषिलाई प्राथमिकतामा राख्ने हो भने गाउँमै रोजगारी सिर्जना भइ आर्थिक समृद्धिको आधार तयार हुने उनको धारणा छ।

कृषि र पशुपालनप्रति दृढ विश्वास, परिवारको अथक् साथ र निरन्तर परिश्रमका कारण ढुंगेल सफल पशुपालक व्यवसायीका रुपमा स्थापित छन्। चुनौती अनेक भए पनि उत्पादन र उद्यमशीलताको यात्राबाट उनी पछि हटेका छैनन्। धेरै किसानका लागि प्रेरणाको स्रोत बनेका छन्।

## नापीबाट सेवा लिँदा राजस्व एपबाट

सन्देश संवाददाता

काठमाडौं/बैंक तथा वित्तीय संस्थाहरुले नापी कार्यालयबाट सेवा लिँदा तिर्नुपर्ने राजस्व मेरो कित्ता एपबाट भुक्तानी गर्न केन्द्रीय बैंकले निर्देशन दिएको छ। नेपाल राष्ट्र बैंकले बुधबार बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन, २०८२ मा संशोधन गर्दै यस्तो निर्देशन दिएको हो।

'बैंक तथा वित्तीय संस्थाहरुले नापी कार्यालयबाट प्राप्त गर्ने सेवाहरु जस्तै जग्गाको नक्सा, फिल्डबुक र प्लट रजिष्टर प्रिन्ट लिन तथा सोसँग सम्बन्धित राजस्व अनलाइनमार्फत् भुक्तानीका लागि मेरो कित्ता प्रणालीमा संस्थागत् प्रयोगकर्ता बनेर उक्त प्रणालीमार्फत् गर्नुपर्नेछ,' राष्ट्र बैंकले एकीकृत निर्देशनमा संशोधन गर्दै भनेको छ। अन्तरबैंक कारोबार, सापटी तथा लगानीसम्बन्धि व्यवस्थापन पनि केही संशोधन गरिएको छ। बैंक तथा वित्तीय संस्थाले एकापसमा प्रदान गर्ने सापटीलाई नियमित कर्जा सापटका रुपमा नभइ अन्तरबैंक कारोबार/सापटीका रुपमा मात्र प्रयोग गर्न पाइनेछ।

## सीमा विषय क्रस बोर्डर अकुपेसनसंग सम्बन्धित

सन्देश संवाददाता

काठमाडौं/परराष्ट्र मन्त्री शिशिर खनालले प्रधानमन्त्री वालेन्द्र शाहले जेठ १७ गतेको संसद् बैठकमा नेपाल–भारत सीमा सम्बन्धमा राखेको विषय क्रस बोर्डर अकुपेसनसँग सम्बन्धित रहेको स्पष्ट पारेका छन्।

प्रतिनिधिसभाको बैठकमा सभामुखसँग समय लिएर सो सम्बन्धमा स्पष्ट पार्दै उनले नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरुप ऐतिहासिक सन्धिसम्झौता र नक्साका आधारमा कुटनीतिक वार्ताको माध्यमबाट सीमासम्बन्धि विषय समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताए।

खुला सीमामा रहेका नेपाल–भारतका कतिपय सीमाक्षेत्रका दशजगा वरपर क्रस होल्डिङको अवस्था रहेको तथा आन्तरिक सहमतिका रुपमा रहे पनि नेपाल र भारततर्फका स्थानीयले वारिपारि खेती गर्दै आएको अवस्थाको जानकारी गराएका हुन्। यस विषयमा पनि प्रम शाहले उल्लेख गर्न खोजेको स्पष्ट पारे।

## भक्तपुरमा सम्पदा जोगाउने नीति



सन्देश संवाददाता

भक्तपुर/भक्तपुर नगरपालिकाले आफ्नो दीर्घकालीन सम्पदा जोगाउने नीतिअन्तर्गत् ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको सिद्धपोखरी (त:पुखु) को मर्मत कार्यलाई तीव्रता दिएको छ। नगरपालिकाले ठेक्का प्रणालीलाई निरुत्साहित गर्दै उपभोक्ता समिति मार्फत् स्थानीयको प्रत्यक्ष सहभागितामा मर्मत कार्य सञ्चालन गरिरहेको जनाएको छ।

भक्तपुर नगरपालिकाका अनुसार सिद्धपोखरीको संरक्षण तथा पुनर्निर्माणका लागि कृष्णबहादुर दुगुजूको अध्यक्षतामा सिद्धपोखरी पेटी पुनर्निर्माण उपभोक्ता समिति गठन गरिएको छ। समितिले पोखरीको पानीनजिक रहेका भाजु पुखु र न:पुखुमा पाइपमार्फत् स्थानान्तरण गरी २०८२ चैत २० गतेदेखि मर्मत कार्य सुरु गरेको हो। आगामी भदौको दोस्रो सातासम्ममा मर्मत कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नगरपालिकाले मर्मतका लागि ८५ लाख बजेट विनियोजन गरेको छ। हाल दैनिक ३० देखि ३२ जना जनशक्ति परिचालन गरी पोखरीको पेटी तथा अन्य संरचनाको मर्मत भइरहेको छ। नगरपालिकाले स्थानीय बासिन्दा, क्लब, दाफाभजन समूह, गुठी तथा विभिन्न संघसंस्थालाई श्रमदानमार्फत् सम्पदा संरक्षण अभियानमा सहभागी हुन आह्वान गर्दै आएको छ। सार्वजनिक बिदाका दिन स्थानीयको उल्लेख्य सहभागिता हुने गरेको बताइएको छ।

भक्तपुर नगरपालिकाका अनुसार सिद्धपोखरी ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण सम्पदा हो। भक्तपुर दरबार क्षेत्र तथा अन्य ऐतिहासिक सम्पदा अवलोकन गर्न आउने आन्तरिक तथा वाह्य पर्यटकका लागि यो प्रमुख आकर्षणको केन्द्र बनेको छ। चारैतिर बलियो पर्खालले घेरिएको तथा कलात्मक प्रवेशद्वारहरु रहेको आयताकार पोखरीको पूर्वपश्चिम लम्बाइ करिब ५ सय ७४ फिट, उत्तरदक्षिण चौडाई २ सय ४९ फिट र गहिराइ करिब १० फिट छ। नेपाल सम्वत् २३९ अर्थात् १३ औं शताब्दीको प्रारम्भतिर राजा इन्द्रदेवले निर्माण गराएको सिद्धपोखरी नेपालकै सबभन्दा पुराना तथा ठूला मानवनिर्मित पोखरीमध्ये एक मानिन्छ। प्रारम्भमा इन्द्रदह नामले परिचित पोखरीलाई १५ औं शताब्दीमा राजा यक्ष मल्लले जीर्णोद्दार गराएका थिए। नेपाल एकीकरणपछिको समयमा भीमसेन थापाको कार्यकालमा पुनर्निर्माण गरी यसलाई सिद्धपोखरी नामाकरण गरिएको इतिहास छ। ~~नगरपालिकाले पुर्खाको गौरवशाली इतिहास तथा सांस्कृतिक सम्पदा संरक्षणका लागि पोखरी तथा अन्य सम्पदाहरुको नियमित सरसफाइ, मर्मत तथा पुनर्निर्माण कार्यलाई निरन्तरता दिँदै आएको जनाएको छ।~~

ईतिहासमा गौरव बोकेको, गुणस्तरीय बिश्वाशिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भबिष्य"
**भुटनदेवी माध्यमिक बिद्यालयमा**

**!! भर्ना खुल्यो !!**

अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्,
अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित
शैक्षिक वातावरणसहित

**बिषयहरू :**

- बिज्ञान बिषय (Science)
- ब्यवस्थापन बिषय (Management)
- होटल म्यानेजमेण्ट (Hotel Management)
- सिभिल ईन्जिनियरिङ बिषय (Civil Engineering)
- शिक्षा र कम्प्युटर बिषय (Education & Computer)

|| || ||

शैक्षिक उष्कृटताको लामो ईतिहास बोकेको यस बिद्यालय हाल ISO Certification प्रक्रियामा अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको शिक्षातर्फ उन्मुख छ।

**हाम्रा बिशेषताहरू :**

- दक्ष तथा अनुभवी शिक्षकहरु
- ब्यवस्थित कक्षा कोठाहरु
- आधुनिक प्रयोगशाला
- प्रविधिमैत्री शिक्षण सिकाई
- उत्कृष्ट नतिजा
- पर्याप्त खेल मैदान
- GPA अनुसार पूर्ण छात्रबृत्तिको ब्यवस्था भएको

**तपाईको सपना र सफलताको यात्रामा**
संधै एक कदम अगाडि
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्
थप जानकारी तथा भर्नाको लागि बिद्यालयमा सम्पर्क राख्नुहोला।
**भुटनदेवी माध्यमिक बिद्यालय**
**सम्पर्क**: ०५७–५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने